६३

# अमर ज्योति

साहित्यिक त्रैमासिक


























## वार्षिकोत्सव कविता विशेषाङ्क

## भदौ-२०८१

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)

# साहित्यकार इन्द्रबहादुर राई



जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २१, पूर्णाङ्क ६३
(असार-भाद्र, २०८१)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
**नेपाल विद्युत प्राधिकरण**

सम्पर्क
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea .org .np, फोन नं. : ०१-४१५३०८९

मूल्य रू: १२०.००

# कविताको शक्ति र सामर्थ्य

शक्तिशाली कविता लेख्नु पर्ने हो ! तर किन हो कविताको शक्तिको बारेमा लेख्ने मुड चलेको छ । त्यसो त आजसम्म काव्यको शक्ति र सामर्थ्यका बारेमा अनेकौं पटक हजारौं कलमहरूले लाखौं विचार उमारिसकेका होलान् । फेरि पनि कविताको कैलाश वरपर नै परिभ्रमण गर्न मन लागेको छ यसपालि ।

नयाँ सामग्री जोहो गर्न नसकेको वा नभ्याएको भन्ने नठान्नु होला ! प्रस्तुत ६३ औं अङ्क वार्षिकोत्सव कविता विशेषाङ्क भएकाले सम्पादकीयमा पनि केही साक्ष्य र सन्दर्भहरूको आधारमा कविताको शक्ति र सामर्थ्यका बारेमा चर्चा र चिन्तन गरिएको मात्र हो ।

१. स्वजनको मृत्युमा समवेदना प्रकट गर्दा कवि शिरोमणि लेखनाथ पौडेलको कालमहिमा कविताबाट 'आयो टप्प टिपी लग्यो...... टारेर टर्दैन त्यो' भन्ने कवितांशको अधिकतम उपयोग गरिन्छ । शोकाकुल मनलाई सन्तापबाट बहकाएर सामान्य मनोदशामा फर्काउने ताकत त्यो श्लोकमा नभएको भए उक्त कवितांश बलेसीमा बिलाएको पानीको फोकाझैँ उहिल्यै बिलाइसक्थ्यो होला !

२ देवकोटाकृत मुनामदनमा उल्लिखित 'क्षेत्रीको छोरो यो पाउ छुन्छ.......मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने कवितांश जातीय भेदभावको विरोध र मानवताको पक्षपोषणको सन्दर्भमा जनजनको जिब्रोमा भिजेर बसेको छ । जब जब जातीयता र मानवतामध्ये एकलाई चुन्नुपर्ने सवाल उठ्छ, तब तब यो श्लोकको स्मरणले उदार मानवतावादको पक्षमा उभिइरहन हामी सबैलाई बल प्राप्त भैरहेकै हुन्छ ।

३. जीवनमा वैराग्य बोध हुँदा, दुःखले सताउँदा र नैतिक कर्तव्यको बोध गर्नुपर्दा हामी रामायण, महाभारत, चाणक्य नीति, गुणरत्नमाला आदिका सान्दर्भिक कवितांशहरू मनमा खेलाउँछौ वा मुखबाट उच्चारण गर्छौं । जसबाट हृदय-घडामा रित्तिनै लागेको आशा र विश्वासको पुनर्भरण हुनुका साथै नैतिक/अनैतिक, कर्तव्य/ अकर्तव्यको बोध हुन गई जीवन यात्रालाई पुनः सहज अवस्थामा फर्काउन ऊर्जा प्राप्त भएको आभास मिल्छ ।

४ नेपाली गायक नारायण गोपाल र हिन्दी गायक किशोर कुमारले गाएका गीतहरूको शब्दरचना गर्ने व्यक्तिहरू अधिकांश नाम चलेका विख्यात कविहरू नै हुन् । उनीहरूको गीतिकवितामा प्रयोग भएको कोमल हृदयहारी शब्द

र लय-अनुप्रासको उपयुक्त विन्यासको कारणले पनि नारायण गोपाल र किशोरकुमारका गीतहरू अत्यधिक चलेका हुन्

उनीहरूले गाएको गीत हरेक युगमा जीवन्त रहनुमा उनीहरूको गलाको चमत्कार त छँदैछ, त्यसभन्दा पनि बढी कविहरूको शब्द चयन कलाको ठूलो हात रहेको छ भन्ने चर्चा परिचर्चा सुन्ने गरिन्छ । कविको शक्ति गीतका रूपमा प्रतिविम्बित भएर जनजनको सुख दुःखको साथीका रूपमा अजम्बरी भएर बाँचिरहनु कविताकै शक्ति हो ।

५. ओशो रजनिश दार्शनिक हुन् । तर उनको साहित्यमा गहिरो रूचि थियो । त्यसैले जीवनको अन्त्यतिर उनले आफूलाई सन्तभन्दा पनि कविका रूपमा चिनिदिन आग्रह गरेको प्रसङ्ग छ । रजनिशले हरेक विषयको व्याख्या गर्दा वेद, पुराण, उपनिषद्का सूक्तिहरू भन्दा पनि चर्चित कवि साहित्यकारका उद्धरणहरू साभार गर्ने गरेको दृष्टान्त पाइन्छ । कविको कवित्वमा शक्ति नहुँदो हो त सन्तहरूले यसरी आफ्नो प्रवचनमा कविताका दृष्टान्तहरू घुसाउने थिएनन् होला ।

६. 'जहाँ रवि पुग्दैनन्, त्यहाँ कवि पुग्छन्' भन्ने भनाइ तथा 'साहित्य, सङ्गीत र कलाबिहीन मान्छे सिङ र पुच्छर नभएको पशुसरह हुन्छ' भन्ने उक्ति आजसम्म उत्तिकै मूल्यवान रहिरहनु तथा अकाट्य र प्रामाणिक तथ्य बनेर सामाजिक अनुमोदन पाइरहनुले कविताको शक्ति के हो र कतिसम्म हो भन्ने बुझ्न सहज हुन्छ । कवि गोपालप्रसाद रिमालको 'एक जुगमा एकदिन एक चोटि आउँछ.....' भन्ने कवितांश र राष्ट्रकवि माधवप्रसाद घिमिरेको 'यो नेपाली शिर उचाली....' भन्ने गीतिकविता भिन्न भिन्न सन्दर्भमा कालजयी भएर बाँचिरहनु पनि कवित्व शक्तिको अर्को प्रमाण हो ।

चित्तको चङ्गालाई निर्बाध उडाउन पाइने विधा हो कविता । अणुको शक्ति र आकाशको फैलावटलाई बोक्ने कविता विधा विचारको तीक्ष्णता र कलाको प्रचुरताले निकै बलशाली छ । फलस्वरूप आज टिकटमा कविता, कविता कन्सर्ट जस्ता कैयौं कार्यक्रमहरू स्वदेश तथा विदेशमा आयोजित हुन थालेका छन् ।

अभिव्यक्तिको सार वा सूत्र वा मन्त्रका रूपमा चिनिएको तथा सबैको विचार, व्यवहार र आचरण निर्माणका लागि मार्गदर्शक भूमिकामा रहन सफल मानिएको काव्य विधाको रचना, अध्ययन र आस्वादनबाटै 'सत्यम्, शिवम् र सुन्दरम्'को आदर्श परिकल्पना साकार भई 'रामराज्य'को अवधारणाले मूर्त रूप लिन सक्नेमा सायद कसैको दुई मत नहोला ।

**– अतृप्त**

# शुभकामना



हरेक वर्षको भाद्र एक गते नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सव हर्षोल्लासपूर्वक मनाउने क्रममा विभिन्न अतिरिक्त कृयाकलापहरूको आयोजना गर्ने गरिएको छ । त्यस मध्येको एक हो साहित्यिक कार्यक्रम–कविता प्रतियोगिता ।

साहित्यिक रचनाहरू जति जनजीवनसँग जोडिएर आउँछन् त्यति नै लोकप्रिय र दीर्घजीवी हुने गर्दछन् । जनजीवनका भाका र भाषामा आएका साहित्यिक रचनाहरू निश्चित पक्ष, समूह र वर्गको मात्र नभएर सबै पक्षका, समाजका र हाम्रा हुने गर्दछन् । साहित्यमा प्रयोग गरिने भाषा र शैली सर्जकअनुसार फरक फरक हुने गर्दछ ।

नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरूले आफ्नो पदीय जिम्मेवारीको साथसाथै साहित्यिक कर्ममा समेत लागेर नेपाली साहित्यका विविध विधामा निरन्तर कलम चलाइरहेका छन् । जुन कार्यले एकातिर कर्मचारीको सिर्जनशीलता प्रवर्द्धन भएको छ भने अर्कातिर नेपाली साहित्यको विकासमा नेपाल विद्युत प्राधिकरणको संस्थागत योगदान समेत पुगेको देखिन्छ ।

विद्युतकर्मी साहित्यिक समाजले गत वर्षको वार्षिकोत्सवमा वाचित कविताहरू सङ्कलन गरेर कोमल भावनाबाट सिर्जित रचनाहरूलाई पुस्तकको रूपमा दस्तावेजीकरण गर्ने कार्यतर्फ अग्रसरता लिएको छ । यसलाई विद्युतकर्मी साहित्यिक समाज, नेपाल विद्युत प्राधिकरण र समग्र राष्ट्रका लागि पनि सकारात्मक उपलब्धि मान्न सकिन्छ ।

यस कविता अङ्कले ३८औँ वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा सहभागी हुने कविहरूलाई आफ्नो कविता प्रकाशन भएकोमा खुसी प्रदान गर्नेछ । यो अङ्क जुन जुन कर्मचारीहरूको हातमा पर्छ, तिनीहरूलाई यस प्रकारका प्रतियोगितामा भाग लिन थप उत्साह र अभिरूचि पैदा हुने छ । यस अङ्क साहित्यमा रूचि हुने विशेष गरी कवितामा चाख हुनेहरूका लागि महत्वपूर्ण हुनेछ ।

विद्युतकर्मी साहित्यिक समाजले आफ्नो नियमित प्रकाशन अमर ज्योतिमार्फत गत सालको कविता प्रतियोगिताका लागि प्राप्त भएका साहित्यिक रचनाहरूलाई पुस्तकको आकार प्रदान गरेकोमा धन्यवाद दिंदै अमर ज्योति पत्रिकाको निरन्तरता र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।



**(कुलमान घिसिङ)**
**कार्यकारी निर्देशक**
**नेपाल विद्युत प्राधिकरण**
**तथा**
**संरक्षक**
**विद्युतकर्मी साहित्यिक समाज**

# शुभकामना



नेपाल विद्युत प्राधिकरणले वार्षिकोत्सवको अवसरमा गठन हुने कविता प्रतियोगिता सञ्चालन उपसमिति मार्फत हरेक वर्ष प्रतियोगितात्मक कविता वाचन कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कविता प्रतियोगितामा प्राप्त रचनाहरूलाई विद्युतकर्मी साहित्यिक समाजले नियमित रूपमा अमरज्योति साहित्यिक त्रैमासिकमा प्रकाशन गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा अमर ज्योति साहित्यिक त्रैमासिकको ६३ औँ अङ्क गत सालको कविता प्रतियोगिताका लागि प्राप्त भएका कविताहरूको सङ्गालो अर्थात् बार्षिकोत्सव कविता विशेषाङ्कको रूपमा प्रकाशित हुन लागेको खबर पाउँदा  मलाई अत्यन्त खुसी लागेको छ ।

अमर ज्योति साहित्यिक त्रैमासिकको यस अङ्कमा नेपाल विद्युत प्राधिकरणको ३८औँ बार्षिकोत्सवको अवसरमा वाचन गरिएका प्रतियोगी तथा अप्रतियोगी कविताहरू समाविष्ट छन् । यसमा प्रकाशित कविताहरू नेपाल विद्युत प्राधिकरणभित्रका साहित्यमा अभिरूचि राख्ने मनहरूबाट अभिव्यक्त भएका भावनाहरू हुन् भन्ने कुरामा म विश्वस्त छु । यस अङ्कमा प्रकाशित कविताका कवि तथा कवयित्री सबैलाई कविता लेखनमा अझै प्रोत्साहन मिलोस् र आगामी दिनमा लेखनस्तर थप सुदृढ हुँदै जाओस् भन्ने शुभेच्छा पनि व्यक्त गर्दछु ।

अमरज्योति साहित्यिक त्रैमासिक पत्रिका आगामी दिनमा अझ बढी उन्नत, परिष्कृत, सशक्त र साहित्यिक यात्रामा एउटा कोशेढुङ्गा बन्न सकोस् । यो ६३ औं अङ्कको प्रकाशनमा निरन्तर श्रम, साधन र विवेक लगाउने सम्पूर्ण विद्युतकर्मी साहित्यिक समाज एवं  कविता प्रतियोगिता सञ्चालन उपसमिति सबै धन्यवादको पात्र हुनुहुन्छ ।

यो जोश जाँगर र उत्प्रेरक अभियानमा अझ निखारता थपियोस् भन्ने कामना गर्दै नेपाल विद्युत प्राधिकरणको ३९ औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण सहयोगी मनहरू, प्राधिकरण परिवार, ग्राहकवर्ग तथा शुभेच्छुक सबै महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**(लोकहरि लुइँटेल)**
**उपकार्यकारी निर्देशक**
**नेपाल विद्युत प्राधिकरण**
**तथा**
**संयोजक**
**३९ औं वार्षिकोत्सव समारोह प्रबन्ध** मूल–समिति

# शुभकामना



वि. सं. २०४२ साल भाद्र १ गते नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो । हामी त्यस दिनलाई वार्षिकोत्सवको रूपमा विविध कार्यक्रम आयोजना गरी मनाउछौँ ।

हामीले हाम्रो संस्थालाई केन्द्रविन्दुमा राखेर कर्मचारीहरूमा सकारात्मक प्रभाव पार्ने खालका शारीरिक, बौद्धिक तथा रचनात्मक अतिरिक्त क्रियाकलापहरू यस अवसरमा सञ्चालन गर्दै आएका छौँ । रक्तदान, खेलकुद, कविता प्रतियोगिता, हाजिरीजवाफलगायतका क्रियाकलाप यसका केही उदाहरण हुन् ।

नेपाल विद्युत प्राधिकरणको ३८औँ वार्षिकोत्सवका अवसरमा गत साल अतिरिक्त क्रियाकलापअन्तर्गत कविता प्रतियोगिता पनि आयोजना भएको थियो । सो कार्यक्रममा सहभागी भएका प्रतियोगी कर्मचारी, अप्रतियोगी कर्मचारी, अतिथि कवि तथा अन्य ख्यातिप्राप्त बाह्य कवि समेतका कविताहरू सङ्कलन गरेर विद्युतकर्मी साहित्यिक समाजले वार्षिकोत्सव कविता विशेषाङ्क -२०८१ प्रकाशन गर्न लागेकोमा निकै खुसी लागेको छ ।

नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजले नियमित रूपमा प्रकाशन गर्दै आएको साहित्यिक त्रैमासिक 'अमर ज्योति' को नियमित अङ्कमा यी रचनाहरू सुरक्षित राखी यस वर्ष प्रकाशन गर्न सह्रानीय कार्य हो । यसले गत वर्षका सहभागी कविहरूलाई खुसी प्रदान गर्दछ भने नयाँ कविहरूलाई प्रतियोगितामा सहभागी हुन उत्प्रेरित गर्दछ ।

साहित्यिक अभिव्यक्तिहरू यही समाजका घटनापरिघटनाबाट निःसृत भएका हुन्छन् । उन्नत समाज र संस्कृति निर्माणमा साहित्यको योगदान आदिकालदेखि नै रहिआएको छ । प्राधिकरणको मूल उद्देश्य हासिल गर्नमा सहयोग पुग्ने ऊर्जाशील रचनाहरू हाम्रा कर्मचारी साथीहरूबाट निरन्तर प्रवाहित भैरहून् । वार्षिकोत्सवको अवसरमा यही शुभकामना व्यक्त गर्दछु ।

**(दीर्घायु कुमार श्रेष्ठ)**
**उपकार्यकारी निर्देशक**
**नेपाल विद्युत प्राधिकरण**
**तथा**
**संयोजक**
**३९ औँ वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उप-समिति**

# ◆ विषय क्रम

● **शीर्ष कविता**

नेपाल महिमा — विश्वनाथ प्रेम/९

**ने.वि.प्रा.को ३८ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा प्राप्त अतिथि कविका अप्रतियोगी कविताहरू**

नदेख्नु पर्थ्यो — पोषराज सुवेदी/१४
फर्किनै पर्छ भोलि — शान्ति सापकोटा/१५
कविको दिनचर्या — श्रमशील/१६

**ने.वि.प्रा.को ३८औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा पुरस्कृत कविताहरू**

**रहरको शहर — सुभास अधिकारी/१७**
द्रौपदी — समीक्षा अधिकारी/१९
याद — टिकाराम शर्मा/२१
म भुइँ मान्छे — मुकुन्दप्रसाद प्रसाईं/२३

**ने.वि.प्रा.को ३८औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा प्राप्त प्रतियोगी कविताहरू**

असफलता तिमीलाई धेरै धेरै धन्यवाद ! — सागरमणि झवाली/२५
खोज — नारायणप्रसाद आचार्य/२७
यसरी के सोचेको हँ ? — लक्ष्मण मण्डल/२८
धैर्यताको बाँध — परिवेश बलराम पुडासैनी/२९
कर्तव्य — ध्रुवराज न्यौपाने/३१
के हुन्न यो देशमा ? — राजेन्द्र अधिकारी/३२
देख्नेहरू भन्थे — कपिलचन्द्र बस्ताकोटी/३३
नियति — गजेन्द्रप्रसाद श्रेष्ठ/३५
तगारो पन्छाउँदैमा व्यस्त छु — त्रिलोचन भट्टराई/३७
म तिम्रो भइनँ — ज्वाला घिमिरे/३९
गधा — दामोदर काफ्ले/४१
बेखुशे सफलता — मनोज तिर्वा/४२
म सडक मान्छे — रमाकान्त पौडेल/४३
मान्छेले भेटेपछि — रामराजा ओझा/४४
संस्कार — कृष्णकुमारी बस्याल/४५
नियत कि नियति ? — विष्णुप्रसाद न्यौपाने/४६
अघि बढ्दै जाऊ तिमी — सुदिप न्यौपाने/४७
सत्मार्ग — कमला कुँवर/४८
समयको खेल — देवी कोइराला/४९

| | |
|---|---|
| विदेशिनुको बाध्यता र विदेशीको सन्देश | छविलाल नेपाली/५० |
| बिन्तीपत्र | सुशीला रायमाझी/५१ |
| जय विद्युत | लक्ष्मी भट्टराई/५३ |
| अन्याय भइरहन्छ | महेशराम विरही/५४ |
| देश रूँदैछिन् | कविता पोखरेल सुवेदी/५५ |
| माटोको महिमा | विनोद सुवेदी 'हिमचुली'/५७ |
| अनौठो मान्छे | विक्रमकुमार हमाल/५९ |
| आमा म तिम्रो हुन सकिनँ | शालिकराम बराल 'भावुक'/६० |
| तिमी हरेक वर्ष आऊ | नारायण विश्वकर्मा/६२ |
| त्यो विद्युत हो | शालिकराम सापकोटा/६४ |
| विद्युत महिमा | प्रदीप श्रेष्ठ/६६ |


**अन्य कविताहरू**

| | |
|---|---|
| अर्घौं अर्चले | कृष्णदेव रिमाल 'शब्दसेना'/६७ |
| यस्तै गरे कहाँ हुन्छ ? | शारदादेवी पोखरेल भट्टराई/६८ |
| मानवता गान | विष्णु आचार्य 'अतृप्त'/६९ |
| सर्भे | आविष्कार कला/७१ |
| बिरानो शहर | रीता चालिसे खनाल/७३ |
| सुनौलो अठोट | मिमन पुलामी/७४ |
| दृश्यहरू | अनिल पौडेल/७५ |


**साहित्यिक गतिविधि**

**अमरज्योति साहित्यिक त्रैमासिकको ६२औं अङ्क लोकार्पण कार्यक्रम/७७**

**ने.वि.प्रा.को वार्षिकोत्सव समारोह विशेष**

- ३८ औं वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलाप : एक झलक/७९
- ३९औं वार्षिकोत्सवको अतिरिक्त क्रियाकलाप तालिका/८१

# नेपाल महिमा



विश्वनाथ 'प्रेम'

सृष्टिमा लोक छन् धेरै, धर्ती जीवन्त लोक हो
धर्तीमा द्वीप छन् लाखौँ, जम्बु द्वीप प्रमुख हो,
जम्बुका काखमा हेरे हिमैखण्ड विशेष हो
किन्तु सम्पूर्णको प्यारो माथा नेपाल देश हो ।

छन् अरू देशमा तीर्थ, यो सिङ्गै देश तीर्थ हो
धर्मका लागि नै हामी जानु बाहिर ब्यर्थ हो,
हाम्रो ता जगमा ज्ञानै छर्ने मौलिक काम हो
सारा संसारमा हाम्रो देश सर्वोच्च धाम हो ।

शालीग्राम बनी खेल्छन् राधा कृष्णहरू यहीँ
सीताका साथमा राम मिल्छन् विदेह राजमै,
सारा ऐश्वर्यका दाता गौरी शङकरको घर
यो मूक्तिक्षेत्र हो चोखो यस्तो अन्त कहाँ छ र ।

यो हो दर्शनको ढोका साङ्ख्यादिक र तन्त्र छन्
यौटै अक्षरमा खोजी हेरे नौलाख मन्त्र छन्,
यहीँ छन् जगदम्बाका जन्मस्थान मनोहर
करोडौँ कर्मका योगी हजारौँ भक्तका पुर ।

हाम्रो देश जति राम्रो जस्तो प्यारो अरू कहाँ
जसको वर्णनका लागि भाषा छैन कुनै यहाँ,
पाउन्नौ तिमीले यस्तो ठाउँ जाहीँ गए पनि
यो लोकातीत भूमि हो लोकै बीच भए पनि ।

यहाँ के छैन् लौ हेर प्रकृति अति सुन्दर
महा समृद्धिको खानी नाना रूप चराचर,
छ त्यस्तै सबको प्यारो हाम्रो सम्पन्न संस्कृति
पूरा नेपाल बन्नेछ जोडौँ विज्ञानको गति ।

अल्लारे सभ्यता हैन् यो संस्कारित जीवन
अखाडा युद्धको हैन् हाम्रो सुशान्त आँगन
यहाँको कर्म नै पूजा यहाँका वास मन्दिर
छ यस्को गरिमा जस्तो के यो सर्वत्र मिल्छ र ।

धर्मका कर्मका लागि भारतवर्ष महान हो
धर्तीका धामको शोभा यो नेपाल श्रीधाम हो
बनौ है पौरखी हामी यसको उत्कर्ष छाउने
नबाँचे देश नै भोलि कस्लाई के बचाउँने ।

तिमी विदेश पो भन्छौ देख्दैनौ घर सम्पदा
बनाए भावले साँचो आजै फेरिन्छ यो कथा
नलागी यत्नले राम्रा पाइँदैनन् कुरा तर
र पाए विश्वमा फेरि मिल्ला सर्वत्र आदर ।

पैसा वैभवको वर्षा जत्ति मिल्ने छ त्यो पनि
हावा मै छ यहाँ पैसा ढुङ्गा माटो जहाँ त्यहीँ,
खोला खेत कला दृश्य कीरा झार हिमाचल
बाटामा बोटमा पैसा टिप्ने चाहिन्छ अक्कल ।

कसैले भन्छ यो साह्रै सानो भूगोल के छ र?
म भन्छु फूल कत्रो छ किन्तु वास कति पर,
धारा छन् प्रेम प्रज्ञाका मान्छे भित्र जहाँजहाँ
फैलेको छ त्यहाँसम्म हाम्रो नेपालको सीमा ।

यस्का सङ्गतले सारा शान्तिका छहरा बहे
महा सङ्कटमा जीवन एसैका शिरमा रहे,
यसैका स्पर्शले त्यत्रो बृद्धि छिमेकमा भयो
जस्कै राज्य भए के भो संस्कृति त यही न हो ।

हाहाकार भई जन्ता पर्दा भोक र प्यासमा
राजाले खेत जोतेका छन् हाम्रो इतिहासमा
निश्वार्थी वीर विज्ञानी सच्चा व्यक्ति नभैकन
चाहे जुन तन्त्रले हाँक मिल्ने छैन् सुशासन ।

नेता दुष्ट भए साह्रै जन्तालाई रूवाउँछ
असक्षम भ्रष्ट नेताले देशैलाई डुबाउँछ,
सक्षम आदर्श नेताले पूरा देश उठाउँछ
यौटा नेतृत्वले सिङ्गो सत्तालाई चलाउँछ ।

कसैका दृष्टिमा विश्व पूरा व्यापारगार हो
कसैका दृष्टिमा कालो शक्ति हो टकरार हो
कसैका दृष्टिमा केवल आ–आफ्नै घरबार हो
हाम्रो चिन्तनमा धर्ती एउटै परिवार हो ।

महर्षि ज्ञानका खानी प्रज्ञा निर्वाण ध्यानका
जनक झै कर्मका शिल्पी भक्ति निष्काम प्रेमका
निगम आगमका साथै सार्थक जीवनको गति
यही हो धर्मको बाटो हाम्रो अध्यात्म संस्कृति ।

नेपाली भावना भित्र हाँसेका परमात्म् छन्
हाम्रा हर कणमा देवी देवादिहरू व्याप्त छन्,
जहाँ जन्मनका लागि तपस्या गर्दछन् सूर
हामी त्यो धरणीमा छौँ कत्रो सौभाग्यको कुरा ।

यी राम्रा पक्ष हुन् किन्तु यिन्मै सन्तुष्ट भै रहे
बितेका घटना मात्रै सुगा जस्तै रटिरहे,
इतिहास नयाँ रच्ने होला उत्क्रान्त दुत को
प्रारम्भ कसले गर्ला अर्को स्वर्णीम युगको ।

नेपाली नामको कैल्यै हल्लिएन विरासत
यस्लाई सौर्यले झन्झन् पारौँ उच्च सुरक्षित,
तेसैले एक भै हामी लागौँ बाटो विकासको
उठाऔँ विश्वमा हाम्रो झण्डा स्वाधिन देशको ।

हारे ती जसले ठाने केही हुन्न यहाँ अब
बाँचे ती जसले जाने गर्दा के हुन्न पौरख,
मरे जो युद्धमा हारे भागे धूल सरि भए
विजेता बन्दछौं हामी जित्ने युक्ति गरिरहे ।

गर्दा जे कामले हुन्छ शान्ति संसारको भला
कुन् हो उत्तम त्यो शिक्षा केहो सम्पूर्ण त्यो कला,
खोलौँ चैतन्यका ढोका यो पो विज्ञान हो कडा
क्रान्तिका धारमा चल्ने व्यक्तिव्यक्ति गरौँ खडा ।

हामी हर जनका जीवन उर्जा उत्साहले भरौँ
स्वयम्का भावले युक्त आत्माको साधना गरौँ,
यौटै संबुद्धको गाथा माथि यत्रो छ खुल्दुली
उठाइदिउँन झन् यस्ता लाखौं व्यक्तित्वका चुली ।

तब पो राष्ट्रले धेरै ठुलो सम्मान पाउँछ
अरूका के कुरा भोलि त्रिलोकै पुज्न आउँछ,
लोकले प्रेमले हाम्रो कीर्ति सन्देश गाउँछ
त्यो बेला विश्वमा हेर हाम्रै आलोक छाउँछ ।

म दिन्छु जिन्दगी मेरो हाम्रो देश रहिरहे
प्रतिष्ठा देशको हुन्छ प्रतिभा देशमा भए,
कति छन् राष्ट्रमा हाम्रा यस्ता सुयोग्य सन्तति
राष्ट्र के विश्वकै जसले सक्छन् गर्न समुन्नति ।

यस्को खोज गरौँ हामी त्यस्ता व्यक्तित्व छन् कहाँ
जयन्ती कालमा भन्दा आजै जीवन्त कालमा,
सबैका लक्षणा हेरी हैँसे गर्न सके अहो
कस्ता यी जनता हुन्थे कस्तो देश हुने थियो ।

तिमी पर्देशमा जाऊ या आफ्नै घरमा बस
लाऊ आकाशको फेरो किंवा सागरमा पस,
बैरागी वनमा धाऊ चाहे हाँक चराचर
नबिर्सी तर हे भाइ सेवा नेपालको गर ।

यो सानो सर्गमा ठूलो जीवनको सार छन्द छ
सेवा यो देशको आफै मूक्ति सोपान बन्दछ
हो यो ईश्वरको सारै प्यारो आवास विश्वमै
देखिन्छन् ध्यानले हेरे स्रस्टाका पूर्णता यहीँ ।

कतै यो चक्रमा फेरि मेरो जन्म भयो भने
मलाई देश चाहिन्छ, नेपालै त्यसमा पनि
यसैका प्राण धाराले अर्को बन्ने छ जीवन
यस्को अस्तित्वका साथ मेरो नाता सनातन ।

बरू म दुःख खेपेर बस्ने छु कन्दरा मनि
किन्तु नेपालको माया भुल्ने छैन मरे पनि,
म जिउँदा पूर्ण शक्तिले सेवा सन्धान गर्दछु
र मर्दा देशकै लागि छाती खोलेर मर्दछु ।

यिनै सङ्कल्पका साथ हामी काम गरौँ पुरा
म केही व्यक्तिका खोजीमा छु थाहै छ त्यो कुरा,
भेटेमा भन्दिनु साथै यस्तै आफ्नो नि चाहना
भएमा आउनु होला यो साझा अभियानमा
जुटौं हे देशका लागि यो साझा अभियानमा ।

**(कवि ३८ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगिताका प्रमुख अतिथि हुनुहुन्छ ।)**





# नदेख्नु पर्थ्यो

पोषराज सुवेदी

मानिसहरू अपरिचित भएको देखेँ
शहरलाई अपरिचितहरूको भीड देखेँ
मैले यहाँ हरेक मानिसलाई
आफूप्रति बेवास्ता गरेको देखेँ
रूँदै गरेको आँखा देखेँ
मुस्कुराउँदै हेरेँ
अपरिचितको हातमा मलम
मैले मेरा प्रियजनहरूलाई हातमा छुरा लिएको देखेँ
यो जीवनमा न सोध
यी आँखाहरूले कस्तो दृश्य देख्छन्
मैले यहाँ हरेक मानिसलाई देखेँ
केवल आफैँले
आफैँलाइ बेखबर भएको देखेँ !

रूँदा हाँसो देखेँ बोलाउँदा साइनो देखेँ
छोपिएका हत्केलामा
मित्रताको खोल देखेँ भूमरीमा बेरिएको पात जस्तै
पैतालामुनिको बाटो देखेँ
हिजोसम्म लट्ठी थियो आज आँखा जब देखेँ
पढिसकेको चिठी सम्झी रछ्यानमै आजै फेकेँ
सास फेर्दा पैसा तिर्छु
मर्नु पर्ला कात्रो किन्छु
यो शहर पानीविनाको काकाकुल छ
त्यसैले पानी पर्दा बलेनीको थोपा कुर्छु
अपाङ्ग पेटी चढ्न सकेन
सपाङ्गले हर्न बजाएको देखेँ
मैले यहाँ हरेक मानिसलाई देखेँ
केवल आफैँले
आफैँलाइ बेखबर भएको देखेँ !!

(पूर्वकर्मचारी ने.वि.प्रा.)

# फर्किनै पर्छ भोलि



शान्ति सापकोटा

पलपल ममताको फुक्छ पोको मबाट
तपतप चुहिएको आँसुले बन्छ पाठ
समय अघि खडा भो निर्दयी पो रहेछ
कुहुकुहु छ बिलौना गाउँ रित्तो भएछ

श्रम सिप पर भाग्छन् वृद्ध रोगी जरामा
गिरि शिखर बिराना कोइलीको धरामा
कतिकति फल झुल्ने भाटिएको छ बारी
लहलह वनमारा फ्याँकिएको भकारी

पर मुलुक पुगे जो चित्त फोर्छन् पहिल्यै
जनप्रतिनिधि हामी भीख माग्छौँ जहिल्यै
जब मुलुक सबैको साथमा रम्न सक्थ्यो
करकमल खियाए कर्ममा जम्न सक्थ्यो

ध्वनि मृदु मुरलीको सन्तकै देश हुन्थ्यो
मधुमय मन मिल्थ्यो साथ सन्तान हुन्थ्यो
रविकिरण उज्याला–तुल्य ती सामु आई
कतिकति सुख मिल्थ्यो दिव्यतामा रमाई

सतह सतह रम्छन् आजका बुद्धिमानी
धन पद सब ठूलो लाख ऐश्वर्य ठानी
अगणित महिमाको देशमा चल्छ बाढी
मुलुक छ अघि, छाडी जान थाल्यौँ पछाडि

लुरूलुरू जन लर्को चुँक्क बोली हुँदैन
खबर छ पद भिर्नै थुक्क ! छाती रूँदैन ?
श्रम अति नगरेरै को यहाँ भर्छ झोली
यति मनन रहोस् जो फर्किनै पर्छ भोलि

*धोबिघाट, ललितपुर*



# कविको दिनचर्या

श्रमशील

केही केही लेख्नै सकिन्नँ आजभोलि
कवि बन्ने यात्रामा थुप्रिएको छ पहिरो
छेकिएको छ मार्ग
छँदै छैन उपाय
फस्टाइरहेछन् विकासे कार्यकर्ता
मरिरहेछन् भोकै कुल्लीहरू
सुकिला मान्छेहरू थपिरहेछन् वर्गीय बहस
चलिरहेछ संसद्मा अवरोधको नारा
उदास छ मतदाता
राष्ट्रसेवक तलबबाहेकको आम्दानी खोज्छ
व्यापारी डबल फाइदा धन्दामा छ
राजनीति जित र हारमा व्यस्त छ
निर्माण व्यवसायी मसान्ते सडकमा छन्
खोलाहरूमा कब्जा छ
जङ्गल सुरक्षा वनपालेले गर्दैन
सडक छेउको बासिन्दा
फालिरहेछ घर अगाडि फोहोर
भनिरहेछ ऊ
सरकार नै छैन देशमा
तोकेर आफ्नो भत्ता
आफैँ चपाइरहेछन्
सिलप्याकको तरल पदार्थसँगै जनप्रतिनिधि
नारा जति चुनावमा सकियो
अब धन्दा छ कमाउने
नागरिकतामा मिति सच्याएर
लिन चाहन्छन्
साठी वर्षेहरू सामाजिक सुरक्षा भत्ता
भर्चुअल गेममा बितेको छ
बालबालिकाको समय
ओकलिरहेछ न्यायमूर्ति
उही दल फेरूवा
व्यवसायीको पक्षमा निसाफ
केवल कागजमा छ बहस
विपी यसो भन्छन्
पुष्पलालले घोषणा यस्तो गरे ।

प्रथम स्थान प्राप्त कविता



# रहरको शहर

सुभास अधिकारी

ए शहर,
म तिम्रै रहरमा
छोडेर जरूवाको पानी
बोकेर फोक्सोभरि देउरालीको हावा,
ओर्लेको छु तिम्रो आँगनमा ।

ए शहर
तिम्रो रहर
मेरो बाध्यता हो कि कहर
सबै अवसरहरू तिमीमा कसले घोप्ट्याइदियो ?
कसले थुपारिदियो तिमीमा उपलब्धिका चाङहरू ?
कसले भन्दियो तिमीलाई
तिमीविना संसारै चल्दैन, शून्य छ सबै
तिमीविना चेतना छैन, सभ्यता छैन
उत्साह छैन, उमङ्ग छैन
रंग छैन, ढंग छैन ।
त्यसैले त तिमीमा अहम् बढेको छ ।
तिमी सुन्दैनौ सारङ्गीको कथा
तिमीलाई लाज लाग्छ, मादल देख्दा
खैंजडी र मुर्चुङ्गा पाखे लाग्छन् तिमीलाई
तिमी हेर्दैनौ घाँटु र सोरठी
सुन्दैनौ तिमी ख्याली र रोइला
धारामा मुख लगाएर मुल बिर्सन्छौ तिमी,
तैपनि तिमी प्रतिको रहर मरेको छैन ।

ए शहर !
सारङ्गीलाई सिकाईदेउ गितारका झङ्कारहरू
तबला र आर्केस्टामा खोज खैंजडीका हुङ्कारहरू
रोइला र देउडालाई भित्र्याऊ तिम्रा क्लबहरूमा
सोरठी र मारूनी घुसाउ तिम्रा पवहरूमा !

ए शहर
भीडमा पनि एक्लै हिँडने,
सहयात्रीको समस्यामा रहस्यमय मौनता साँध्ने तिमी,
बसुधैवकुटुम्बकमको मर्म सुन्दै
अर्मपर्म र परपैँचोमा हुर्केको म
तिमीमा पनि यी सबैको फ्युजन खोज्छु
एकान्तमा टोलाउँछु, सोच्छु शहर मेरो रहर ॥
तिमीले पनि
सम्बन्धमा मिठास भर्नू
आचरणले सुवास छर्नू
संस्कृतिको फूलबारीमा
सभ्यताको रङले भर्नू ।
घरहरू जस्तै मन जोड्नू
बाटाहरूजस्तै सम्बन्ध बनाउनू
घर जोडियो तर मन जोडिएन भने
बाटाहरू त बने तर सम्बन्ध बनेन भने
शहर, शहर होइन डहर बन्नेछ
शहर रहर होइन कहर बन्नेछ ॥

**आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा.**

द्वितीय स्थान प्राप्त कविता

# द्रौपदी



**समीक्षा अधिकारी**

द्रौपद राज्यकी तेजवान् राजकुमारी द्रौपदी
प्रश्न यो मेरो तिमीसँग
स्वयम्वर त्यो तिम्रै थियो
तिम्रो वर तिम्रो इच्छा रोज्ने मौका तिम्रै थियो ।

याज्ञसेनी हौ तिमी
सामर्थ्यता तिमीमा असीम थियो
भरि दरबारमा अपमानित हुनुपर्ने
कस्तो तिम्रो नसिब थियो ।

लियौ बदला ती दुष्टहरूसँग
नङ्ग्याएथे तिमीलाई कस-कसले
कसरी गर्न सक्यौ माफ
बेच्याथे तिमीलाई त्यो मेहफिलमा जसले ?

देख्छु म आज पनि करोडौं द्रौपदी प्रत्येका आँगनमा
जो कौरवसँग शोषित हुँदैनन्, साँच्चै हुँदैनन्
तर विडम्बना पाण्डवसँग आज पनि लड्न सक्दैनन्
आफ्नो दैलोको संघार नाघ्न सक्दैनन् ।

तर अपसोस ...अपसोस छ मलाई तिमीमा
तिमीले पाण्डवको दासत्व किन स्वीकार गऱ्यौ ?
युधिष्ठिरको अर्थहीन खोक्रो गरिमामा
आफ्नो जीवनको नाउ किन उताऱ्यौ ?

तिमीलाई कुनै वस्तु ठानी,
खेल खेल्ने मोहोरा मानी

कसरी फस्यौ द्रौपदी ती पाण्डवको चालमा
आफ्नाको मुखौडा लगाएका ती व्यापारीका जालमा ?

बाँध्यौ आफूलाई
किन बोलिनौ त्यो संघारभित्र आएर ?
बस्यौ कसको आशमा
किन बोकिनौ तरबार हातमा ?
जब विश्वरूपी श्रीकृष्ण थिए तिम्रै साथमा ?

कैलेसम्म आश गर्ने अनि
कोसँग रक्षाको भिख माग्ने तिमी
हिजो तिम्रो समाचार छापिएको पत्रिका आज रद्दीमा गैसक्यो
तिम्रो नाम केवल राजनीति गर्ने मुद्दा भैसक्यो ।

छाडिदेऊ बेल्ना, तरबार समाऊ
आफैँ आफ्नो चिर बचाऊ
शकुनीहरू यहीँ थिए छन् र कतै जाँदैनन्
तिम्रो चित्कार सुन्न कोही भिष्म पितामह भ्याउँदैनन्

उठाऊ कलम, उठाऊ अश्त्र
सुन ए द्रौपदी, कलियुगमा कुनै कृष्ण आउँदैनन् ।

**सिन्धुली वितरण केन्द्र ने.वि.प्रा.**



तृतीय स्थान प्राप्त कविता

# याद



टिकाराम शर्मा

कैयौँ रहरका लहरहरू
बगरझैँ खण्डहर बनाएर,
कैयौँ अस्तित्वका छातीहरूमा
र छाती जस्ता कोमल
अस्तित्वमा दौडिएर,
हतारले भन्दा धेरै हतार गरेर
समयले भन्दा पनि हतार गरेर,
आफ्नो अस्तित्व खोज्ने निहुँमा
हजारौँका लाखौँ अस्तित्वहरू कुल्चिएर,
देशको सिमाना पारि पुगेका
ए ! नदीहरू हो
ए ! नदी जस्ताहरू हो
भेटायौ त अस्तित्व ?
कि मेटायौ ?
आफू रित्तिएर तिमीलाई
जन्माएका हिमालहरू,
हिमाल जस्ता निर्मल आमाहरू,
भत्किन लागेको झुपडीमा
तिमी फर्किन्छौ कि भन्ने
आशाको बलियो झुपडी बनाएर,
सिमानाका हिमालहरू
निराशाका सिमाना तोडेर,
यो सानो संसारमा
भुलेर समाचारको दुनिया,
दुनियाका समाचार भुलेर

पर्खिरहेका छन् ।
ए ! नदीहरू हो
ए ! नदी जस्ताहरू हो
आशाको त्यो यात्रा
गन्तव्यमा पुग्छ कि,
निराशाको भुमरीमा ??

न पदचापको राप
न ठेगानाको निशाना,
न सम्झनामा सिमाना
न साधनको ज्ञान,
र पनि
जानेहरूका ताता झझल्काहरू
बस्नेहरूका चिसा मनसम्म
चिसो पस्ने गरी
कसरी आइपुग्छन् ?

बिजुलीको गतिभन्दा बेस्सरी
हावाको झोक्काभन्दा पनि छिटो
ए ! नदीहरू हो
ए ! नदी जस्ताहरू हो
तिमीहरूले पनि पायौ ?
चिसा बाङुल्कीहरू ।

**बागलुङ वितरण केन्द्र, ने.वि.प्रा.**



चतुर्थ स्थान प्राप्त कविता



# म भुइँ मान्छे

मुकुन्दप्रसाद प्रसाईं

ईश्वरको घरमा पुगेर याचना गर्ने ओठहरू,
देशका लागि केही गर्ने अठोटहरू,
हत्केलामा पसिनाको रङ घोल्दै श्रमको बजारमा,
मन, वचन र कर्मले सेवा गर्ने भाव मिसिएको एक हूल भीड,
जब भोक र अभावलाई चिर्ने चाह राखी
एयरपोर्टमा लावालस्कर लाग्छ
हो त्यहीँबाट शुरू हुन्छ जिउँदा मानिसहरूको गन्तव्य ।

जन्मभूमिमा केही गर्ने सम्भावना मरेपछि
विदेशिएका भुइँमान्छेहरू फरक भूगोलको कित्तामा सपना पस्किन लालयित रहरले
पैतालीस डिग्री तापक्रमको मरूभूमिमा जीवन जिउने परिणति खेप्दै
जिजीविषा पलाएका भुईँमान्छेहरूको कहरले
व्यग्रतापूर्वक प्रतीक्षारत आँखामा आशा देखिरहेछ ।
आफ्नोपन हराएको एकादेशको कथा बन्ने परिस्थिति बीच
समयको नेटो काटेर परिस्थितिसँग पौँठेजोरी खेल्दै
गल्छेडा पार गर्दै उकाली चढेको कुहिरे डाँडाबाट
सुस्केरा हाल्दै अलिकति गुराँस फुलेको पुलकित मन बोकेको खास मान्छे
म भूईँ मान्छे

मान्छे गतिशील अनि परिवर्तनशील छ अर्कोतिर
आकाश धरती बीचको फरकपनाले दुई किनाराझैँ बनाएको सम्बन्धहरूझैं,
औपचारिकतामा सीमित दिवसमा देखिएको झाँकी जस्तै–
बाध्यता निर्वाह गर्न अनिवार्यता ठान्दछ,
टिपनटापन कनिकुथी श्रम बजारमा बेचिन बाध्य अरू मान्छे जस्तै ।

म भूइँ मान्छे
राजनीति लाजनीतिमा परिणत भईरहँदा,
सल्बलाएका पदचापहरू ठोक्किन पुग्छ, अन्तरविरोधका सिमाहरूमा...!
निस्वार्थपन उद्वेलित भईरहँदा निस्केको विद्रोहको आवाजले
समयको गतिलाई बेलगाम घोडा भै हुइँक्याइदिन्छ,
कहिल्यै नउकासिने, कहिल्यै नउठ्ने मान्छेको बाध्यता बेहोर्न बाध्य आकृति बोकेर
ठिङ्ग उभिएको छु सालिकझैँ चौरस्तामा
म भुइँ मान्छे ।

**ने.वि.प्रा. केन्द्रीय कार्यालय**



# असफलता तिमीलाई धेरै धेरै धन्यवाद !



सागरमणि ज्ञवाली

शत्रु थिएनौ
मित्र थिएनौ
शत्रु बन्यौ- जब तिमीसँग डराएँ
मित्र बन्यौ- जब तिमीलाई पनि अपनाएँ
तिमी त -
वसन्त अगाडिको शिशिर,
चुली अगाडिको हिलारी स्टेप,
धरती पदार्पण अगाडिको प्रसव पीडा,
घना जङ्गल काटेर बस्ती छिर्नु अगाडिको
गौँडो रहेछौ ।

प्यारी असफलता !
मेरा चुनौतीका पर्खालहरू नाघेर
अवसरहरू कहाँ पुग्ने
भऱ्याङको एक खुट्किलो बनिदिएकोमा
तिमीलाई धेरै धेरै धन्यवाद !

यता डरले तान्थ्यो - उता शङ्काले घचेट्थ्यो
पेन्डुलमको
दायाँ पनि तिमी हुन्थ्यौ, बायाँ पनि तिमी
मेरो संसारमा तिम्रो विराट स्वरूप देख्दा
लाग्थ्यो तिमी सर्वव्यापी छौ ।

एक दिन सपनामा,
अक्करे भीरको,
केतुके घारी काटेर,
पहरोबाट खसालेर,
भिर, पाखा र गोरेटोमा लतार्दै

हिलो माटोमा दश दिन गाडेर
जिउभरि काँडैकाँडा उम्रिएको
ढुङ्गोमा पछार्दै
झिसमिसेमै ब्युँझायौ ।
त्यसपछि
उज्यालोको एक एक निमेष फिटेर
जीवनको बोझले भरिएको
डोको बोक्ने
नाम्लो बनाउन सिकाएकोमा
जीवनका हर अनुभव, ज्ञान, अज्ञान
ठेकीमा जमाएर, मथेर
जीवन तत्त्व दिलाउने
मदानीको नेती बनाउन सिकाएकोमा
तिमीलाई धेरै धेरै धन्यवाद !

पुतली बन्नासाथ भुरूरूरू उड्न
प्युपाले आफ्नै पखेटाले अन्डा फुटाउनु पर्दो रहेछ
ढुङ्गे पहाडको गोरेटोमा छहारी दिन
पिपलको बीउ ढुङ्गामै उम्रेर जरा फैलाउनु पर्दो रहेछ
प्यारी असफलता !
सगरमाथा चढाउन, पहाडमा चिप्ल्याएर
महासागर तराउन, खहरेमा बगाएर
विराट आकाश दिलाउन– गुँडबाट खसाएर
सुखको अर्थ चिनाउन– पलपलमा रूवाएर
जीवनको सत्य पढाउन– अफ्ठेरोमा लखेटेर
एकाध दशकमै
अष्ट्रेलोपिथेकसबाट होमोसेपियन्ससम्म
क्रम विकास गरिदिएकोमा
तिमीलाई धेरै धेरै धन्यवाद !

मेरा चुनौतीका पर्खालहरू नाघेर
अवसरहरू कहाँ पुग्ने
भन्याङको एक खुट्किलो बनिदिएकोमा
तिमीलाई धेरै धेरै धन्यवाद !

**ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग, ने.वि.प्रा.**

# खोज



नारायणप्रसाद आचार्य

हाम्रो जीवन यो अमुल्य रचना हो दैवको रामको
यस्तो देह कुकर्ममा फसिगए यो जन्म के काम भो ।
पैलो अन्तिमको छ निश्चित दुवै फेर्नै नमिल्ने गरी
बाँकी पृष्ठहरू छ थप्न सकिने जो काव्य बन्ने गरी ॥१॥

जे–जे कर्म सुकर्मका गतिहरू पैले गरेथ्यौँ सबै
हाम्रा ती सब कर्मका फलहरू बन्नेछ पाना सबै ।
पैलो जन्म तथा छ अन्तिम मरण् चल्दोछ चल्छन् उही
पैले निश्चित पो रहेछ जनको त्यो काव्य पाना दुई ॥२॥

आयौँ मानवको विशिष्ट रचना बोकेर यो देहमा
कस्ता कर्म थियो अघी हुन गयो यो जन्म यै भूमिमा
काहाँबाट झर्‍यौ र जानु छ कता हो खोज साँच्चै उही
पैले निश्चित पो रहेछ जनको त्यो काव्य पाना दुई ॥३॥

गर्छन् नित्य सबै चराचरहरू खाने र सुत्ने अनि
चल्दै जान्छ युगौँ निरन्तर यही सन्तान वृद्धि पनि ।
यस्तै कर्म गरे कहाँ फरक भो मान्छे जनावर् उही
पैले निश्चित पो रहेछ जनको त्यो काव्य पाना दुई ॥४॥

लाखौँ मानव जन्मिए भुवनमा अस्तित्व खै ? मेटिए
राम्रा कर्म हुने ति अल्प जनको स्वर्णीममा (नाम्) लेखिए ।
खोजी गर्नुछ को थियौँ नि पहिले कहाँ थियौँ छौँ यही
पैले निश्चित पो रहेछ जनको त्यो काव्य पाना दुई ॥५॥

काट्दै दुःख र कष्टका दिनहरू घुम्दै अनेकौँ जुनी
पायौँ देह अमुल्य मानवरूपी प्राणी अनेकौँ घुमी
एकै दृष्टि रह्यो सदा नयनमा यौटै छ चाला उही
पैले निश्चित पो रहेछ जनको त्यो काव्य पाना दुई ॥६॥



# यसरी के सोचेको हुँ ?

इ. लक्ष्मण मण्डल

सोचेको जस्तो संसार छैन
रोजेको जस्तो घरबार छैन ।

समय अनुकुल भए जे पनि मिल्छ
प्रतिकुल समयमा जो पनि हिल्छ
राजा रंक भएसि दरबार छैन
सोचेको जस्तो संसार छैन
रोजेको जस्तो घरबार छैन ।

शुभ कार्यमा जटिलता हुन्छ नै
सभ्य मान्छेमा शालिनता हुन्छ नै
कुटिलताले सम्बन्धमा सुधार छैन
सोचेको जस्तो संसार छैन
रोजेको जस्तो घरबार छैन ।

आफ्नो गल्ती आफैँले कहिल्यै देखिन्नन्
उत्तरपुस्तिकाको गल्ती हत्पत् परीक्षार्थीले भेटिन्नन्
संस्कारी शिक्षाको सिमा पार छैन
सोचेको जस्तो संसार छैन
रोजेको जस्तो घरबार छैन ।

युद्ध त आफ्नो कला कौशलले जितिन्छ
अरूको मन त आफ्नो व्यवहारले जितिन्छ
बुद्धिमत्ताको बुद्धिलाई कहिले नि हार छैन
सोचेको जस्तो संसार छैन
रोजेको जस्तो घरबार छैन
अवसर कम यहाँ चुनौती छ धेरै
यश कम यहाँ अपयस छ धेरै
अरूको कुरा सुनेसि पत्यार छैन
सोचेको जस्तो संसार छैन
रोजेको जस्तो घरबार छैन ।

सङ्गीत विनाको गीत हुँदैन
प्रेम विनाको प्रित हुँदैन
धोखा यसरी खाइयो कि
..... जोश जाँगर छैन
सोचेको जस्तो संसार छैन
रोजेको जस्तो घरबार छैन ।

**सूचना प्रविधि विभाग, ने.वि.प्रा.**

# धैर्यताको बाँध



परिवेश बलराम पुडासैनी

फाटी जाला फुटी जाला धैर्यताको बाँध
सदाचार र भ्रष्टाचारको फरक हुन्छ साँध
दुष्कर्मलाई नत्याग्दामा सदाचारी हुन्न
शक्ति जुक्ति हुनेहरूलाई भ्रष्टाचारले छुन्न ।

धैर्यताको काँधले अब नाघ्नै लाग्यो बाँध
कांग्रेस कम्युनिष्ट, जनताले कति हाल्नु काँध
नयाँ शक्ति जुर्मुराउँदैछ परिवर्तनको सोचमा
डगमगाउँदो सत्ता–शक्ति तस्करीको बोझमा ।

बेथिति र दण्डहीनताले चढ्यो सगरमाथा
राजनीतिको आवरणमा भ्रष्टाचारको गाथा
व्यवस्थाले कोल्टे फेर्दा दुःख कस्टको घेरो
सुख छैन जनमानसमा सदा दिन भो अप्ठेरो ।

भोको पेट नाङ्गो शरीर आशैआशमा बाँच्ने
अघाउने, लगाउने इच्छा कतिन्जेललाई साँच्ने
दूषित भए खोली खोल्सा पानी आउने धारो
सोझा सज्जन जनमनलाई बुझाउनै भो गाह्रो ।

दृष्टि पुग्ने कसको कैले दुःखी जनतिर
सम्झी ल्याउँदा भकानिन्छ, पर्छ सारै पीर
फाटी जाला, च्याती जाला स्वार्थताको जालो
धैर्य गरौँ, सहन गरौँ एक दिन आउँछ पालो ।

दुष्कर्मले खेदाउँछ स्वार्थीजनलाई फेरि
पर्गेल्नलाई शक्ति मिलोस् दुष्कर्मलाई हेरी

फाटी जाँदा, फुटी जाँदा धैर्यताको बाँध
बोकी हिँड्नु कतिन्जेल दुष्कर्मीलाई काँध ।

मगमगायो देशको माटो कालापानी सुस्ता
जाग, उठ कर्मठ बनी वर्तमानको पुस्ता
जुटी जाँदा उठी जाँदा शक्ति बीचको सलाम
जय मन तुच्छ धन बन्द गरौँ कलम ।

**केन्द्रीय लेखा महाशाखा, नेपाल विद्युत प्राधिकरण**

# कर्तव्य



ध्रुवराज न्यौपाने

एकान्तमा सोच्छु
अनि घोत्लिन्छु
यो सारा संसार
कसरी धानिएको छ हँ !

बिहान सूर्य,
थाहा छैन
कसको इशारामा उदाउँछ
दिनभरि उज्यालो दिई
उसको कामले थाकेपछि
सन्ध्यामा मलिन अनुहार पार्दै
अस्ताउँछ र
बिलाउँछ अँध्यारोमा ।

पालो पहरो फेरिए जस्तो
फेरि चन्द्रमा उदाउँछ
असङ्ख्य ताराहरू लिएर
सकेजति प्रकाश दिन
अह्राउँछ सबैलाई
शीतलता प्रदान गरी
पन्छिन्छ आफ्नो जिम्मेवारीबाट ।

अर्थात्,
पृथ्वीमा रहेका
हरेक जीव जन्तुको रेखदेखका लागि
उनीहरूको अनवरत सङ्घर्षले
चलेको छ सृष्टि
नदी, पवन, वृक्षले
निभाइरहेछन आफ्नो धर्म
अनि निर्जिव ढुङ्गाहरू
नहल्लिएर कतर्व्य निर्वाह गरिरहेछन्
अग्ला हिमालहरू
पग्लिदिन्छन् सहजै
आफूभन्दा होचाका लागि
सारा संसार यसरी चलेको छ
अनवरत रूपमा ।

तर अफसोस !
सृष्टिको चेतनशील मान्छे
किन स्थिर हुन सक्दैन
आफैँलाई प्रश्न सोध्छु
साँच्चै
तपाईं, म, सबै सबैले
आफ्नो कतर्व्य निर्वाह
गर्ने हो भने
मान्छे पनि अमूर्त हुन सक्थ्यो कि ?

चिलिमे-त्रिशुली २२० के.भी. प्रशारण लाइन
आयोजना, ने.वि.प्रा.



# के हुन्न यो देशमा ?

**राजेन्द्र अधिकारी**

खोजे देश विकासका पथहरू नानाथरी छन् यहाँ,
भ्रष्टाचार गरी अथाह धनले माते हजारौँ यहाँ ।
सच्चा जे जति छन् मनुष्य बिचरा पेले सबै भ्रष्टले,
चम्चेकै छ खुदो अझै पनि यहाँ भन्छन् सबै सन्तले । (१)

नेपाली पनले सुसज्जित भए छुट्टै यहाँ सान छ,
उम्दा, बुद्धि, विवेक लज्जित हुँदा पर्देशमा बास छ ।
माटो भन्छ मलाई सज्जनहरू त्यागे ठुलो भूल हो ।
पानी भन्छ सधैँ नफाल यसरी बुझ्नू महाँज्ञान हो । (२)

मान्छे बौद्धिक छन् चिने अझ यहाँ ढाक्छन् उनै स्वाठले,
जागौँ देश बचाउँने मन भए भन्दैछ विज्ञानले ।
दु:खीका पसिना चुसे गजबले छन् जाल नानाथरी,
चिप्ला बात सुनाउँदै मन जिते सोझा रून्े धर्धरी । (३)

हेर्दा नाटक यो बुझेन मन यो भन्छन् हजारौँ जन,
आऊ हात समाउँदै अघि बढौँ यो देश उक्साउन ।
किन्ने कोशिश नै कतै अब नहोस् सोझा परे झेलमा,
राम्रा कर्म गरी सबै अघि बढे के हुन्न यो देशमा । (४)

पेशाको परिबन्द होस् अब यहीँ विस्वासिला साथ हुन्,
नेपाली पनले सुसज्जित हुँदै संस्कारले माझिऊन् ।
के फल्लान् फल वृक्षमा फूलहरू फुल्दै नफूली गिँडे,
के उक्सिन्छ कठै सबै जनहरू खाडीतिरै दौडिए । (५)

**ने.वि.प्रा. भद्रपुर वितरण केन्द्र**

# देख्नेहरू भन्थे



कपिल चन्द्र बस्ताकोटी

देख्नेहरू भन्थे,
सयौं सपना बोकेर हजारौंहरू उत्तर-पश्चिमतिर गएका थिए
उतै तिरबाट एक हुल बाकसहरू आएर बस्ती उजाडिएको सन्देश दिए
तिमी भन्छौ,
यो सबै नियतिको खेल हो, यदाकदा आउने भेल हो
म भन्छु,
यो राष्ट्र बनाउनेहरूको विकासको नामको चलखेल हो ।
फेरि, गल्ती र कमजोरी अरूकै मात्र देख्ने तिमीलाई कसरी थाहा हुन्छ !
बस्ती उजाडिँदाको पीडा कस्तो हुन्छ ?
किन कि तिम्रो गोलघरतिर त बस्ती उजाडिएकै छैन ॥

देख्नेहरू भन्थे,
मुसलधारे पानी परेर बस्तीतिर डुबान भएछ, पहाडतिर पैरो गएछ
दर्जनौं घरगोठ र धान फल्ने खेतहरू बाढी हिँड्ने मझेरी भएछ
तिमी भन्छौ,
यो प्रकृतिको खेल हो, भूगोलको बेमेल हो
म भन्छु,
यो शाषितहरू प्रतिको गैह्रन्यायिक जालझेल हो ।
फेरि, कर्तव्य र जिम्मेवारीबाटै च्यूत हुने तिमीलाई कसरी थाहा हुन्छ !
डुबान र पैरोको परिणाम कस्तो हुन्छ ?
किनकि तिम्रो गोलघरतिर त पैरो गएकै छैन ॥

देख्नेहरू भन्थे,
यहाँ बाटो हिँड्नेहरू गन्तव्यमा पुग्न पाएका छैनन्
स्कुल गएका अबोधहरू घर फर्किएर आएका छैनन्
तिमी भन्छौ,

यो सबै समयको दोष हो, गलत मानसिकताको रोष हो
म भन्छु,
यो कानून लागू गराउनेहरूको गद्दारीपनाको उद्‌घोष हो ।
फेरि, जानेर पनि कहिल्यै नसच्चिने तिमीलाई कसरी थाहा हुन्छ !
आफन्त गुमाउनु पर्दाको अवस्था कस्तो हुन्छ ?
किनकि तिम्रो गोलघरतिर त कोही हराएकै छैन ॥





# नियति

**गजेन्द्र प्रसाद श्रेष्ठ**

डाक्टर बनाउने आमाको इच्छा
बाबाको इन्जिनियर बनाउने चाहना
डाक्टर बनेर बिरामीको सेवा गर्ने
इन्जिनियर बनी पूर्वाधार विकास गर्ने
जसरी हुन्छ स्वदेशको माटोमा रम्ने
देशलाई काँधमा बोकी माथि उठाउने
बोकेर पिठ्यूँमा किताबका भारी
हिजो ऊ हिँडेको थियो सपना बोकी ।

किताबका भारी बिसाउन नपाउँदै आज
समस्या र चुनौतिका चाङ छ उसको माझ
न पढ्ने न अगाडि बढ्ने वातावरण छ ऊसँग
न त रोजगारका अवसर नै छ यो देशसँग
परिवारको देखरेखको बोझ थपिएर
पेटमा भोकको आगो जलेर
विगतका सपनालाई तिलान्जली दिई
भोलिको सुखद भविष्यका लागि
समाधानका लागि ऊ भौँतारिँदै हिँड्दा
हातमा विदेशी कामदारको भिसा
खुशी हुन बहाना छ ऊसँग आज
तर खुशी हुनसकेको छैन कुनै रोज
किनकि बिछोडिन पर्ने पीडा छ मनमा
किनकि रगत पसिना खेर जाने चिन्तामा ।

स्वदेशलाई उसको पसिना अमूल्य
विदेशमा बगिरहेको छ विना मूल्य
किनकि परिवार पाल्नु छ उसलाई

किनकि खेतबारी निखन्नु छ उसलाई
पसिनाको मूल्यको कुनै औचित्य छैन आज
न त रगतकै मूल्य छ उसको माफ
किनकि पेटको भोक मार्नु छ
परिवारको खुशी किन्नु छ
यसैले आज विदेशी भूमिमा रम्नु छ
नियति उसको यस्तै यस्तै ।

**आयोजना विकास विभाग ने.वि.प्रा.**





# तगारो पन्छाउँदैमा व्यस्त ऊ



त्रिलोचन भट्टराई

चर्को घाम, पसिनाले लुछुप्पै भिजेको शरीर
फिस्स फिस्स हाँसेका दन्ते लहर देखाउँदै
घनघोर जङ्गलको सन्नाटालाई चिर्दै
ऊ हिंड्दैछ खोज्न उज्यालोको तगारो ।

वर्षाको मुसलधारे पानीमा पनि
यस्सो ओडेर छिर्के मिर्के बर्सादी
रूझ्दै, लड्दै, काँडाहरू पन्छाउँदै
ऊ खोज्दैछ हटाउन बिजुलीको तगारो ।

पुष माघको कठ्याङ्ग्रिंदो जाडोमा पनि
छाडेर चटक्कै श्रीमतीले पस्केको तातो भात
अँगेनाको वरपरको न्यानो राप
लौरी टेक्दै आँगनमा टहलिरहेका वृद्ध बाको आलाप
ऊ दौडिन्छ पन्छाउन उज्यालोको तगारो ।

दरार परेका उसका कलौटे हातहरू
ताते ताते गर्दै ऊतिर बढिरहेको छोरालाई स्पर्श गर्न खोज्छन्
तर बज्छ किर्र किर्र फोनको घन्टी
बनाउन कसैको गाउँ उज्यालो
जानुपर्छ ऊ पन्छाउन बिजुलीको तगारो ।

जब उचाइमा काम गर्दै गर्दा
यस्सो नियाल्छ शहरका ठूला ठूला घरहरू
चौकुना मिलेका चिटिक्कका घडेरीहरू
अनि मन मनै हिसाब गर्न थाल्छ
शहरको छेउछाउमा परिवार अट्ने घर बनाउन

कति जुनी यो जागिर खानुपर्छ होला ?
शहरका कुनामा सानो घडेरी जोड्न
उसले कति बर्खा झरीमा रूझ्नुपर्छ होला ?

तर निराश रत्तिभर छैन ऊ
बिजुलीको तगारो पन्छाएसँगै
गाँउ/शहर उज्यालो बनाएसँगै
भाग्यका रेखाहरू नबिगारीकन
यस्सो पुछेर पसिना निधारको
फिस्स फिस्स हाँसेका दन्ते लहर देखाउँदै
अघि बढ्छ पन्छाउँदै खुसीको तगारो ।

**कालिगण्डकी रिडी १३२ के.भी. प्रसारण लाइन आयोजना, ने.वि.प्रा.**



# म तिम्रो भइनँ



ज्वाला घिमिरे

मौनतामा सम्बन्ध कहाँ तोडेको हुन्छ,
नबोलेर पनि माया जोडेको हुन्छ,
देखे जति सबै कुरा सत्य कहाँ हुन्छ र ! प्रिय,
जहाँ धर्तीलाई क्षितिजले छोएको हुन्छ ।

आउँछ जीवनमा उकाली ओराली
बिसाउँला दु:ख मायाको चौतारी,
रङ्गाउन देऊ रङहरूले जिन्दगी मेरो
तीता मीठा हाम्रा याद, सबैलाई सङ्गाली ।

आज यी आँखाबाट सपना छुटे
हिजोका आशाबाट अभिलाषा टुटे
भाग्य नै खोटो रहेछ मेरो,
तिम्राले, तिमीलाई, मबाट लुटे ।

म केही थिएँ, कहीँ थिएँ
कसैको सबथोक थिएँ,
आज ! म तिम्रो भइनँ
अब कसैको पनि खास रहिनँ ।

माफ गर, यो दिलबाट तिमीलाई हटाउन सकिनँ
यथार्थको परिधिमा तिमीलाई सजाउन सकिनँ,
जहाँ पनि अभावै अभाव देख्दछु आज
आसुँले ती यादहरू बगाउन सकिनँ ।

शहरको भीडमा पनि एक्लो बनायौ
हितैषीहरूसँग बेग्लै बनायौ,

जिन्दगी एक यात्रा न हो, प्रिये !
जीवित भएर पनि आज मरेतुल्य बनायौ ।

सोचेको थिइनँ जिन्दगी यस्तो हुन्छ भनेर
तिमीलाई गुमाउँदा यो दिल रून्छ भनेर
भरोसा नै ठूलो हुँदो रहेछ, प्रिय
बगेको आसुँले बगर थुन्छ भनेर ।

**टाँडी वितरण केन्द्र ने.वि.प्रा.**



# गधा



**दामोदर काफ्ले**

म हुँ एक जनावर मेरो पिठ्युँमा भारी सदा सर्वदा
वशमा छु म मानवको भन्छन् उनीहरू म हुँ रे गधा ।

बोराका बोरा भारी मेरो पिठ्युँमा छन् लादिएको
एक पोका अनादी दाना मेरो मुखमा छ बाँधिएको ।

लानु छ भारी, ती विशाल गगनचुम्बी डाँडापारि
गोरेटो छ साँगुरो थकित म हुँदा, छैन मलाई छहारी ।

उकालो तिखा पत्थर सयौँ कोस, छ बाटो हिलै हिलो
मेरो पिठ्युँमा गोटा दुएक, भारी छ असी किलो ।

कोर्रा खान्छु कति हो कति, बदनमा छ घाउ नै घाउ
किरा घाउमा बिझाउँछ बदन, दबाइ कसोरी पाऊँ ?
ऐया म मरेँ सक्दिनँ अब अस्थिपन्जर भयो जर्जर ।

तर म मरे पनि मानवको जीवनमा के नै फरक पर्छ र...
तर म मरे पनि मानवको जीवनमा के नै फरक पर्छ र ।

**माटो ढुङ्गा कङ्क्रिट प्रयोगशाला ने.वि.प्रा.**



# बेखुशे सफलता

**मनोज तिर्वा**

नाघेर बादलको घेरो हामी उडिरहेछौँ
राखेर सफलताको सपना आँखा हेरिरहेछ
कति सजिलो छ है माटो र माता छोड्न
यदि माटो हुन्थेन भने हुन्थेन होला जगत्
माता हुन्थिनन् भने हुन्थेन होला जन्म
के सफलता पाउँन माटो छोड्नै पर्ने हो त ?
आखिर को छ त जिम्मेवार यसमा हँ ?

किन सफलतालाई स्वार्थ, क्रोध र अपमानसँग जोड्छौ
किन सफलतालाई माटो, मातृ र पितृसँग जोड्छौ
के सफलता माटो र मातासँग साट्ने हो त ?
के सफलता पाउन मातृभूमि छोड्नै पर्ने हो त ?

सफलतामा त इमान, इज्जत र आत्मसम्मान हुन्छ भनिन्छ
सँगै खुशी, हर्ष र अभिमान पनि हुन्छ भनिन्छ
के पुर्खाको पाखुरीले आर्जेको माटोको माया छैन तिमीलाई
के माताको मैलो पछ्यौरीको तुनाको माया छैन र तिमीलाई ।

त्यसैले माटो र माता छोड्न नै सफलता मान्छौ भने
ज्ञान र विज्ञान, समय र गति, मन र मस्तिष्कले
प्रणाली र प्रक्रिया, संस्कार र संस्कृतिले
छिमेकी सफल भयो, हामी भने
दुःख र पीडा, वेदना र बिछोड, पीर र मर्कालाई नै
सफल भएको मानिरहेका छौँ

त्यसैले त छिमेकी वस्तु बेचेर सफल भयो
हामी मान्छे बेचेर सफलता मानिरहेका छौँ
ऊ खुशीलाई सफलता भन्छ
हामी दुःखलाई सफलता भनिरहेका छौँ
के सफलता पाउन माटो र मातृभूमि छोड्नै पर्छ र ?
तिमीलाई माटो र माताको माया छैन र ?
को छ त जिम्मेवार यसमा हँ ?

**ने.वि.प्रा. चनौली वितरण केन्द्र, चितवन**

# म सडक मान्छे

**रमाकान्त पौडेल**

मसँगै उठ्ने मेरो घाम छ,
सँगै निदाउन एक रात छ
हेरेर मलाई नथाक्ने,
म हेरी नथाक्ने,
जून ताराहरू छन्
म छु मेरो सँगै हाँस्न,
एउटा साथी म छ
मसँगै रून
बाँचिरहेछु सान्त्वनाका
यस्ता कुन्युँ चिनेर ।

लगाएको छैन निषेधको पर्खाल,
छहारीको शीतलले
गर्दैन कञ्जुस्याइँ सिरानी बन्न,
गोरेटोको छातीले
निष्फिक्री अङ्कमाल गरी
सँगै रूझाउँछ झरीले
अभावलाई यसरी सम्झाउँछु
अत्तालिन्छ कि भनेर ।

कद खुम्चिन्छ ? सगरमाथाको,
मैले मेरो पनि हो भन्दा
झन्डा झुक्छ ? मैले बोक्दा
गुराँस सुक्छ ? मैले सिउरिँदा
देश नि दुख्छ ? परेलीमा सजाउँदा
नत्र खुशीको रङ किन कालो देखिन्छ
म हाँस्दा ?

रोकेको छु घृणाको तीर,
सहनशीलताको कवचले ।
अघाउनुपर्छ भोक खाएर,
आँसुका सित्तनसँग
कठ्याङ्ग्रिँदो समयमा
नियतिको रापले जलाउँछ
नसक्दा बुझाउन मनको मन
खुब दुख्दो रहेछ मन
मलम जस्तो न विगत छ,
न वर्तमान न भविष्य नै ।

चिहानको भागमा परेको
फूल हुँ,
भयो रून जान्नँ गुनासोसँग ।
आखिर अब
ओइलाइको पर्खाइ न हो जिन्दगी ।

**बागलुङ वितरण केन्द्र, ने.वि.प्रा.**



# मान्छेले भेटेपछि

रामराजा ओझा

साँघुरो बाटो हिँड्नेले गोरेटो बाटो भेटेपछि
गोरेटोमा हिँड्नेले पिच बाटो भेटेपछि
पिच बाटो हिँड्नेले साइकल भेटेपछि
साइकल चढ्नेले मोटरसाइकल भेटेपछि
मोटरसाइकल चढ्नेले कार भेटेपछि
अनि... कार चढ्नेले प्लेन भेटेपछि

के हुन्छ ? तपाईंहरूलाई थाहा छ !
मान्छेले अफ्नो औकातभन्दा ठूलो चीज भेटेपछि
सबैभन्दा पहिला उसले विवेक गुमाउँछ

ए हजुर ! कता अरूको अनुहार हेर्नु भएको
सबैभन्दा पहिले आफ्नै अनुहार त हेर्नुस् !

काठमाडौं ग्रिड बालाजु सवस्टेशन, ने.वि.प्रा.



# संस्कार



कृष्णकुमारी बस्याल

जिन्दगीलाई अर्पण गरी समर्पित असल संस्कारी हुनु छ
भावी सन्तति सारालाई असल संस्कारीको संज्ञा दिनु छ ।

सीता, राम, कृष्ण, बालेनजस्ताको नाम र काम बताउनु छ
बुद्धले पाएको संस्कारी ज्ञान आफ्नै देशको कुना कुना खनाउनु छ ।

सन्तति सारालाई संस्कारी जीवनको अथाहा मूल मन्त्र पढाउनु छ,
त्यसको लागि असल संस्कारको एक नयाँ पुस्तक बनाउनु छ ।

जस्तो संस्कार पायो त्यस्तैमा लालायित हुने हामी न्यायोचित खोज्नु छ
अत्यन्तै विषम परिस्थितिमा पनि धर्ती भएर उन्नतिको पथ रोज्नु छ ।

प्राकृतिक नियम विरूद्ध मस्त भएकाहरूको बौद्धिकताले अज्ञान हटाउनु छ,
फूलजस्तो यो जिन्दगी संस्कारी मलजल गरी देश हराभरा बनाउनु छ ।

असल संस्कारी भई महिलाहरू अग्रिम स्थानमा पर्नु छ
देशमा आमूल परिवर्तनका लागि असल चरित्रको बीज छर्नु छ ।

चेलीलाई अर्काको घर जाने जात हो भन्ने बोध नगराई
आफ्नै खुट्टामा उभिनु पर्ने संस्कारी शिक्षाको जर्गेना गर्नुछ ।

असल संस्कारी फूलहरूलाई फुलाएर ढकमक्क पार्नु छ
तिनै सुन्दर फूलहरू हरेक विद्वान्को मन मस्तिष्क र मुटुमा सार्नु छ ।

**बालाजु वितरण केन्द्र, ने.वि.प्रा.**



# नियत कि नियति ?

विष्णु प्रसाद न्यौपाने

आकाशमा कालो बादल मडारिन्छ, दिउँसै अन्धकार देखिन्छ
एउटा नरभक्षी पिशाचले तडपाई छोरी निर्मलाको निर्मलता निर्मूल पार्छ,
बाबुआमाको ओठ मुख सुक्छ, बोली बन्द हुन्छ, सिङ्गो आकाशले अठ्याउँछ,
एउटा महान सपनाको अवसान हुन्छ, म मात्र मूकदर्शक हुन्छु,
राज्यको जनसङ्ख्यामा एक जना घट्छ ।

भुन्टे र सुन्तलीलाई दुई छाक खुवाउने महान सपना बोकी परदेशिएको छोरो
दुई मुठी सास बचाउन सक्दैन, एउटा सानो काठको बाकसमा घर फर्किन्छ,
बाबुको शरीरले चिसो पसिना फाल्छ, आमाको सास रोकिन्छ,
सुन्तलीको संसार भासिन्छ, भुन्टेको जीवनको डोरी चुँडिन्छ,
म खालि गहिरो संवेदना प्रकट गर्दै अनुभूति गर्छु
तथ्याङ्कमा फेरि एक जना घट्यो ।

मृत तस्बिरहरूले खिज्याउँदा अमर शहीदका सपनाले भन्छन्
आखिर बलियो भित्तामा उभिएर हेरेकै छौ त
कालापानी, लिम्पियाधुरा र लिपुलेकले मृत्युशैयाबाट मागेको जीवनको भिख नपाई,
मेरी आमाले मेरै खुट्टामा सगरमाथाको शिर बजार्दा,
म फुटेका टुक्रा गनिरहन्छु अटल र अडिग भई ।

मातृभूमिकै पवित्रता बन्धक राखी कमाएको रङ्गीन सम्पत्तिमा ठुल्दाइले मस्ती गर्दै
उनकै कुरूप, चाउरी परेको, डरलाग्दो अस्थिपञ्जरलाई टाढाबाट कुच्च कुच्च घोच्दा,
कान्छो भाइ पुर्ख्यौली ऋणका खातिर रगत बेच्छ, मृगौला बेच्छ, र अन्त्यमा आफैँलाई बेच्छ,
अनि यो स्वार्थी यो दुनियाको बाँकी ऋण अर्को जुनीमा तिर्ने बाचा गर्दै सदाका लागि बिदा हुन्छ,
म आँखाबाट दुई थोपा आँसु तप्प चुहाउँछु र मात्र स्वर्गबासको कामना गर्छु ।

दुई दिन सडक तातिन्छ, सदन हल्लिन्छ, त्यसैमा प्रचारबाजी चल्छ
पीडितले न्याय खोज्छ, अभियन्ता भनाउँदो आय खोज्छ
न ठूलाबडाले सुधार्न चाहे, न त पीडितले नकार्न पाए
म आफैँमा अनुत्तरित छु, आखिर यो सब के हो ?
नियत कि नियति ?

# अघि बढ्दै जाऊ तिमी



सुदिप न्यौपाने

गाउँ गाउँमा जाऊ बस्ती बस्तीमा जाऊ तिमी
शहर र महलमा जाऊ, उद्योग, कलकारखानामा जाऊ,

समृद्धिका सम्वाहक तिमी
विकासको पूर्वाधार बनेर जाऊ
गरीबमा रोजगार, अभावमा अवसर बनेर जाऊ
उद्योगमा इन्धन बनेर जाऊ
जीवाम्स इन्धनको विकल्प बनेर जाऊ ।

अर्थव्यवस्थाको आड तिमी
निर्यात प्रोत्साहन गर्दै जाऊ
भ्रष्टाचार रोक्दै सुशासन कायम गर्दै जाऊ
विद्युत चोरी र चुहावट रोक्दै जाऊ

सबैको आशाको केन्द्रविन्दु तिमी
अन्धकरलाई चिर्दै उज्यालो भर्दै जाऊ
कठ्याङ्ग्रिंदो चीसोमा न्यानो, गर्मीको उत्पातमा शीतलता छर्दै जाऊ
उज्यालो नेपालको सपना कोर्दै जाऊ

मानव जीवनको अभिन्न अङ्ग तिमी
खाना बनाउन ऊर्जा बनेर जाऊ
प्रदूषण रोक्ने ढल बनेर जाऊ
वन, जङ्गल, वातावरणको सहयोगी र मानव जीवनको आधार बनेर जाऊ

सभ्यतालाई परिवर्तन गर्ने तिमी
सूचना र प्रविधिलाई नयाँ आयाम देखाएर जाऊ
विद्युतीय सामानको प्रयोग बढाउँदै जाऊ
मानवको सहारा र नयाँ युगको सारथी बनेर जाऊ

अनन्त शुभकामना छ विद्युत प्राधिकरण तिमीलाई
युग परिवर्तन र जनजीवनको अङ्ग तिमी
उन्नति र प्रगतिको असीम शुभकामना तिमीलाई
३८ औं वार्षिकोत्सवको शुभकामना तिमीलाई
शुभकामना ! शुभकामना !! शुभकामना !!!



# सत्मार्ग

कमला कुँवर

जन्मिएको धर्ती हाम्रो प्रकृतीकी खानी
चराचर जगत् सबै सौन्दर्यकी रानी ।

माता पिता देवी देउता जन्मभूमि स्वर्ग
मनुष्यले सोच्न सके यसैमा छ गर्व ।

पहाड फुल्छ लालीगुँरास तराई झुल्छ धान
गर्व गदै कर्म गरौँ यही हाम्रो शान ।

हिउँको चिसो सहन सक्छौ तराईको धुप
गर्नुपर्छ आफ्नो भन्दा देशकै माया खुब ।

शक्ति भक्ति ज्ञान मिली चलेको यो संसार
चिन्तनबाट प्राप्त खुशी धर्मशास्त्र अन्सार ।

मनलाई तड्पाएर खुशी हुने चाहनामा
अरूको खुशी खोसी दिन्छौं अनेकानेक बहानामा ।

सत्कर्म गर्नुपर्छ नगरी आश फलको
वर्तमानमा जिउनुपर्छ किन चिन्ता कलको ?

निष्ठा न्याय इमान नै सत्य बुझ्नु पर्छ
यही सत्य गुमाउँदा अकाल शरीर मर्छ ।

आफूलाई चिन्न अनि सही बाटो रोज्न सके
सत्कर्म र चिन्तन गरी बुद्ध बन्न सकिन्छ रे ।

आयोजना व्यवस्थापन निर्देशनालय, ने.वि.प्रा.

# समयको खेल



**देवी कोइराला**

आफ्नो पराइ मान्दैन
रोदन हाँसो बुझ्दैन
ठीक बेठीक भन्दैन
महिना वर्ष गन्दैन
निरन्तर चल्छ मात्र
अरू केही जान्दैन ।

भविष्यको भर हुन्न
विगत यसले फर्काउन्न
हामी सँगै हुन्छ
तर आफ्नो कहिले हुन्न
जान्दैन तानाबुना जाल बुन्न ।

हिजोको राम्रो आज खराब हुन्छ
खराब राम्रो बन्छ
धनी गरीब बन्छ
गरीब धनी बन्छ
बालक जवान बन्छ
जवान वृद्ध बन्छ ।
यस्तै खेला देखाएर
मनोरञ्जन दिन्छ
र त हामी यसलाई खेल भन्छौं ।

न दिन न रात
छैन केही भय
निरन्तर आफ्नो गतिमा चल्छ समय
हेर्दैन कुनै धर्म
गर्दैन कुनै जातीय भेदभाव
उमेरअनुसार सबैको सोच्दै जष्छ जय
त्यसैले त बलवान् छ समय
जय समय, जय समयको खेल !



# विदेशिनुको बाध्यता र विदेशीको सन्देश

छविलाल नेपाली

गरिबीले देशै छोडी मैले हिडेँ आखिर आमा
आफ्नै देशमा पेट पाल्ने केही नपाएर काम
बाध्यताले मनका इच्छाहरू लत्याएर हिडेँ
साहुको ऋणले घाँटी थिच्यो अनि अत्याएर हिंडेँ ।

आफ्नै देशमा केही गर्ने सोच नभएको हैन
पूँजी छैन सीप छैन केही वातावरण छैन
भ्रष्टाचार र अन्यायले देश मौलाएर हिडेँ
भोकमरी र साहुको ऋणले बौलाएर हिडेँ ।

पैसा मागी थर्काएर जाँदा घरीघरी साहुले
रातैभरि मन पोल्थ्यो मेरो वचनको घाउले
चुनौतीका पहाडले अघि म बढ्न नसकेर
अभावले खुट्टा तान्यो मेरो पढ्न नसकेर ।

बाध्यता थ्यो मुग्लान पस्न घर टिनले छाउन
गरिबीले चर्किएको घाउमा मलम लाउन
आमा अनि श्रीमतीको पनि फेर्नु थियो चोली
जिन्दगीमा आशाको फूल केही रोप्नु थियो भोलि ॥

घरको अभाव अनि साहुको ऋणलाई सम्झिएर
गरिबीको खाडल पुर्ने दिनलाई सम्झिएर
कमाउनलाई मिहिनेत गरी गरिरा'छु काम नि
सहेर नि खाडी देशको पचास डिग्री घाम नि ॥

दुःख पर्दा टाउको समाइ माग्यौ कति गुहार
फेरिनेछ बाबा तिम्रो अब चाउरिएको मुहार
शत्रु दैव नलागोस् केही मलाई सधैंभरि हाँसू
फर्किनेछु नेपालमै आमा म पुछ्न तिम्रा आँसु ।

जोवन धानी बस प्यारी तिमीले के भनौं र बढी
अन्त्य हुन्छ दुई वर्षमा तिम्रो प्रतीक्षाको घडी
केही गरौंला नेपालमै हामी ल्याउँछु कमाएर
प्रीतिको फूल फुलाउँला अब सँगै रमाएर ।

म्याग्दी वितरण केन्द्र, ने.वि.प्रा.

# बिन्तीपत्र

सुशीला रायमाझी



भारीले मात्र होइन सरकार
रहरले पनि मेरो टाउको थिचेर जान्छ
भूत र भविष्यमा मात्र होइन सरकार
वर्तमानमा पनि यो दिल जलेर जान्छ ।

बिजुली आउने आश गर्दा गर्दै सरकार
पुरै जीवन सिद्धिएर जान्छ ।
मेरो घर पल्लो गाउँको डाँडामा छ
बाटोघाटोको कुरै नगरौँ सरकार
बिजुली बत्तीले माया मारेको ठाउँमा छ ।

सरकार पानीविना बालीनाली सुकेर जान्छ
साँझ बिहानको छाक खडेरीले लुटेर लान्छ
बिजुली तिमी आए खेतमा खोलाको पानी तानेर जान्छ
झुपडीमा पनि अन्नपात भित्रिएर जान्छ
मेरो घर पल्लो गाउँको डाँडामा छ
बाटोघाटोको कुरै नगरौँ सरकार
बिजुली बत्तीले माया मारेको ठाउँमा छ ॥

सरकार शहरमा मोटरगाडी बिजुलीबाट चलेर जान्छ
यहाँ रातिमा बतासले टुकी बत्ती निभाएर जान्छ
तिम्रो पाइला पर्‍यो भने बिजुली
गाउँ पनि शहरजस्तै झिलिमिली भएर जान्छ ।
मेरो मात्र होइन सरकार
पुरै गाउँको जयजयकार भएर जान्छ ।

मेरो घर पल्लो गाउँको डाँडामा छ
बाटोघाटोको कुरै नगरौँ सरकार
बिजुली बत्तीले माया मारेको ठाउँमा छ ।

सरकार तिमीले हामीलाई तिमीजस्तै सुविधामा बस्नुपर्छ भन्छौ
भाषणमा सबैलाई बराबर अधिकार दिन्छौ
आन्दोलन गरेर होइन सरकार
तिमीसँग हातेमालो गरेर जान्छौँ ।
सरकार अब मेरो गाउँसम्म बिजुली ल्याउने नम्बर कहिले पार्छौ ?
मेरो घर पल्लो गाउँको डाँडामा छ,
बाटोघाटोको कुरै नगरौँ सरकार,
बिजुली बत्तीले माया मारेको ठाउँमा छ ।

**हेटौंडा वितरण केन्द्र, ने.वि.प्रा.**



# जय विद्युत



लक्ष्मी भट्टराई

समृद्धि नरमा भकारी घरमा
भरिन्नन् त्यो छिन्छिनै
पिपलको बिरूवा चियाउ चरमा
साँझै बिहान दिन्दिनै ।

समृद्धि लहरा चिरेर पहरा
हुर्कन्छ त्यो झाङ्गिदै
झारपात ती झरिका बुट्यान सरिका
मल बन्छ त्यो चाँगिदै ।

हुर्कन्छ हुलमा जरा छ मुलमा
चट्टान चिरा पार्दछ
हज्जारौँ लहरा नगाई पहरा
बस्तीतिरै झार्दछ ।

विद्युत यो नरमा सबैका घरमा
साथी बन्यो दुख्खरमा
हाम्रो यो पसिना पुछाई दिनहुँ
बत्ती बल्यो मुख्खरमा ।

चिर्ने हो अँध्यारो बनाई उज्यालो ।
हजारौँ यो वर्षलाई
आउ लौ मनाऔँ सबैले घरमा ।
ताली ठोकी हर्षलाई ॥



# अन्याय भइरहन्छ

**महेशराम विरही**

जब जब
अपनत्वको पछ्यौरीले अनुहार छोप्ने
भ्रष्ट राजनीतिले जिउडाल ढाक्ने
र
झुठो सञ्चारले कान भर्ने
चरम रूपमा भैरहन्छ
अन्याय पनि भैरहन्छ
हाम्रो परिवार, समाज र देशमा
हो, अन्याय भैरहन्छ ।

सरकार यहाँ
अन्यायको ज्यादती सुन्ने
प्रशासन मौन हुन्छन्
अदालत बहिरा हुन्छन्
कानून त अन्धै हुन्छन्
र
पीडित प्रत्येकको ढोका
ढक्ढक्याउँदै, गुहार माग्दै
पीडाका डोबहरू पिँढी
आँगन र गोरेटोसम्म छोड्दै
प्राण त्याग गर्छन्
कठै ! मेरा देशका आम नागरिक ।

कहिले शासक फेरियो
कहिले शासन फेरियो
तर
फेरिएन जनताका समस्याहरू
र त आज
हजुरबा, बा र नातिसम्म पनि
उहीँ र उस्तै छ
गोरेटो र गल्लीहरू
पीडा र व्यथाहरू ।

न त कसैलाई कसैको डर छ
न त कसैलाई कसैको भर छ
सान्त्वनाको नाममा सरकार छ
उहीँ भ्रष्ट डाकाहरू दमदार छ ।

उता किसान यता सुकुम्बासी
गाउँका बुख्याचा शहरमा हुकुमबासी
सरकार तिम्रो विकास नीति
खोइ ! कसका लागि भए ओखती ?
जनतालाई बनाइ जोगी
खुब गऱ्यौ झुठो नीतिको खेती ।

**त्रिशूली जलविद्युत केन्द्र, नुवाकोट, ने.वि.प्रा.**

# देश रूँदैछिन्



कविता पोखरेल (सुवेदी)

वीरका पाइला जो तान्न लागि पऱ्याछन्
धुरा पस्छन् तिनैको मतिभ्रष्ट जो छन्,
शिथिलता, सुस्थिरतामा साथ तिम्रै खोज्दैछिन्
देखेर यस्तै चाल देश आज रूँदैछिन् ।

आफ्नै सन्तानले आज लात हान्दै गएछन्
मौनता साँचेर आमा शान्ति खोज्दै रहिछन् ।
छिटफुट सपुत उनका मलम पट्टी बनेछन्
देखेर यस्तै चाल देश आज रूँदैछिन् ।

निभ्दो बत्तीसरह भो देशको नि अवस्था
मै गर्छु जे नि भन्ने भए दुरावस्था
जतातत‍ै छलकपट, धोका फस्टाउँदै रहेछन् ।
देखेर यस्तै चाल देश आज रूँदैछिन् ।

सब सबै जंगबहादुर बन्न खोज्दै रहेछन्
देश रोएको यो पल स्वार्थीपनमा भुलेछन्
श्रम गर्ने श्रमिक जो छन् बालुवाझैँ भएछन्
देखेर यस्तै चाल देश आज रूँदैछिन् ।

कुकृत्य सन्तानका देख्दा आज आमा गलिछन्
निस्वार्थी साहसी आमा भित्रभित्रै जलिछन्
देशले मुहार फेर्ने सपना बुन्दै गएछन्
तडक, भडक, झुटो शान देख्दा आमा रूँदैछिन् ।

चट्टान, बादलका झुपडी आलिशान भएछन्
झोलुङ्गे पुलपुलेसा सारा जीर्ण बनेछन्,
कृषि प्रधान देश हाम्रो परनिर्भर बन्दैछ
देखेर यस्तै चाल देश आज रूँदैछ ।

गुनासो गर्दैछिन् आमा सन्तान फरक कसरी भए
उस्तै थियो लालन पालन फरक धारमा कसरी गए
कोही किन सज्जन आखिर कोही किन दुर्जन
यस्तो भिन्नता कसरी भो दोषी भएँ म किन ?

गरे के हुन्न र सबमा मात्र हिम्मत जुटाऔँ
विरोधीहरू जो छन् पाखा लगाई धपाऔँ
सत्कर्मको निरन्तर समर्थन जनाऔँ
प्रण गरौँ, सबै मिलौँ आमालाई हसाऔँ ।

**ठिमी वितरण केन्द्र, ने.वि.प्रा., भक्तपुर ।**



# माटोको महिमा



विनोद सुवेदी (हिमचुली)

माटो हाम्रो शान हो
माटो हाम्रो गौरव हो
यै माटो हाम्रो प्राण हो ।

जुन धरातलमा हामी उभिएका छौँ
त्यही माटोलाई घृणा गर्दैछौँ
माटोमा उत्पादित अनाज खाएर प्राण धान्छौँ
अफसोस ! त्यही माटोलाई उपेक्षित गर्दछौँ ।

नजिकको सँधियार माटो मिच्ने दाउ गर्छ
हरबखत निहुँ खोच्छ, किचलो गरिरहन्छ
आँगनको छिमेकी आली सबै तास्छ
खन्ने खोस्रने बहानामा माटो मिच्दै जान्छ ।

माटोकै निम्ति जुँगाको लडाइँ चल्छ
माटोकै लागि अदालतमा फाइलको चाङ लाग्छ
आफ्नै सहोदर भाइ तारघेरा लगाउँछ ।
मुठीभर माटोका लागि ज्यान बाजी लगाउँछ ।

छिमेकीले छिमेकीलाई धारे हात लाउँछ
माटोबाटै जिउने कला आर्जन हुन्छ
माटोलाई कुमालेले विभिन्न स्वरूप प्रदान गर्दछ ।

हिजो आज माटोको मोल आकाशिँदो छ
माटो घरका गमलामा नमुना बन्दैछ
कैयौं रसायनद्वारा उर्वराशक्ति नाश गरिँदैछ
माटोकै लागि विश्वमा अनेकन युद्ध भए
माटोकै लागि कैयौं बलिदानी भए ।

तर आज दुःखका साथ भन्नुपर्छ
माटोको महत्त्व बुझ्ने कोसिस गर्दैनौं हामी
खेतबारी बाँझो राखेर रमाउँदैछौं हामी
पराइको भर पर्दैछौं हामी ।

अन्न फल्ने माटो प्लटिङ गर्दैछौं हामी
कमिसनको खेलका पछि लाग्दैछौं हामी
धान चामल आयातमा रोक लगाएको बेला
उत्पादनको के कुरा माटो छुन हिचकिचाउँछौं हामी
त्यसैले भोकमरीको चपेटामा पर्दैछौं हामी ।
आजैबाट माटोको महत्त्व मनन गरौं
संरक्षण गरौं, गोडमेल गरौं
नाकाबन्दीका दिन आफ्नै अनाजले प्राण भरौं
माटोमा कमिसनको खेल सदैब बन्द गरौं
भावी सन्ततिलाई माटो छुन सिकऔं
हामी सबैले माटोको महत्त्व बुझौं, बुझाऔं ।

**सामान्य सेवा विभाग, ने.वि.प्रा.**



# अनौठो मान्छे



विक्रमकुमार हमाल

अनगिन्ती मेरो यात्रा थियो
जहाँ पुगियो त्यहाँ जात्रा थियो
यसो विचार गरी हेरेको त
त्यहाँ अनौठो पात्र थियो ।

लाग्थ्यो त्यो विद्वान हो कि पागल
एक सुरमा ठूलो स्वरले चिच्याइरहन्थ्यो
अनि फेरि कराइरहन्थ्यो
सायद विगतलाई आफ्नो सम्झेर होला
बेला बेला ऊ आफूमा हराइरहन्थ्यो ।

कति बेला झस्कन्थ्यो अनि उफ्रन्थ्यो फेरि
विगतमा आँचल पक्रेजस्तो गरेर
आफ्नो आफ्नै आभासमा
तलाउको कमल फूल फक्रेजस्तो गरेर
एक्लै एक्लै मुस्कुराइ रहन्थ्यो ।

हो अन्त्यमा म आफूलाई सम्हालेर हेरेँ
ऊ त एउटा कर्मचारी कर्मठ मजदूर पो रहेछ
बाटो वरपर छरपस्ट बिजुलीको तार समाएर
होस्टेमा हैँसे पो गर्दै रहेछ ।

कहिले यता तान, कहिले उता तान
अनि नटबोल्टहरूमा हेम्बरले हान भन्दै
फेरि फेरि पोल गन्दै कहिले अगाडि त कहिले
पछाडि दगुरिरहँदो पो रहेछ ।

पुल्चोक वितरण केन्द्र, ने.वि.प्रा.



# आमा म तिम्रो हुन सकिनँ

शालिकराम बराल (भावुक)

आमा म तिम्रो हुन सकिनँ
बाबा म तिम्रो हुन सकिनँ ।

सुनौलो बिहानी देख्ने आशामा थिएँ
यो धर्तीमा पाइला टेक्न सकिनँ
गर्भमै तुहाइदियौ तिमीले मलाई
आमा म तिम्रो हुन सकिनँ ।

तिम्रो न्यानो कोखमा सुरक्षित छु भन्दा पनि
यो दुनियाको कुरा सुनीकन
तिमीले गर्दै छौ कसको भलाइ
बाँच्न देऊ संसार देख्छु
आमा, गर्भमै नमार मलाई ।

आमा, मेरा रक्तकोशिकाहरूमा
तिम्रै, ममता सलबलाइरहन्छ
म पनि त, तिम्रो रगत न हुँ बाबा
त्यसैले त यो शरीर चल्बलाइरहन्छ ।

आमा ! जस्तो दिन्छौ त्यस्तै खाउँला
तिमी सँगसँगै रहुँला
पीडाको पहाड मैमाथि खसोस् बरू
सहुँला केही नकहुँला

म तपाईंको शरीरभित्र छु
तपाईंलाई पनि महसुस होला
हातहरू थर्थराउन थाले

मुखहरू पर्पराउन थाले
ऐया, ऐया, भन्दा पनि
किन बहिरो बन्छ समाज ।

आमा म धेरै जान्दिनँ
तिमीबाहेक अरू मान्दिनँ
राष्ट्रपति सभामुख
नारी नै भएको देश
यो देशमा छोरी सुरक्षित किन ठान्दिन ?

म देवी हुँ, म दुर्गा हुँ
म नै तिम्रो दृष्टि हुँ
नसम्झ मलाई बोझ भनी
मै यो संसारको सृष्टि हुँ ।

छोरी भनी नगर हेला
आधा आकाश ढाक्न सक्छु
म नारी हुँ
त्यसैले त सबैलाई सम्हालेर राख्न सक्छु ।

**टाँडी वितरण केन्द्र, ने.वि.प्रा.**



# तिमी हरेक वर्ष आऊ

नारायण विश्वकर्मा (निरज धमाल)

नयाँ वर्षझैँ हरेक वर्ष आउँछन्
कहिले यो त कहिले त्यो विशेषता थपेर आउँछन्
आफूले आफैँलाई जितेर आउँछन् ।

परिवर्तनको संवाहक बनेर
सिङ्गो विश्वलाई सानो गाउँमा बदल्ने तिमी
संसारभरि अटाएका मानव समीपमै रहँदा पनि
बेखबर बनी हराइरहन्छन्
तिम्रो अथाह विकासक्रमले
मानव मङ्गल ग्रहमा बस्तीको योजना बुन्दैछ
विशाल नदीको वेगलाई फर्काउने ल्याकत राख्दैछ ।
तर त्यही विश्व भूगोलमा मानव मन
एक्ला एक्लै छट्पटिएका छन् ।
यो उथलपुथल मनलाई लयमा फर्काउने तिम्रो
कुनै अन्वेषण आएन ।
घरको कालो कोठामा बस्दै अनेकन्
चाल चल्ने खेल्ने मान्छेलाई
मानवताको पाठ सिकाउने प्रविधि बनेन ।

सिर्जना कला संस्कृतिमा रम्दै
पर क्षितिज पारि विराजमान विशाल गाउँका
मान्छेसँग परिचित हुने त्यो परिवेश
आज भाषा संस्कृति र कला गुगलमा सर्च गर्दै
नभेटिएको विषयवस्तुलाई झुट्टा अर्थहीन सम्झन्छ ।

प्रविधि यस्तो आओस्
तिम्रो अन्वेषणले मान्छेको मन बुझ्न सकोस्
मानवता के हो ? समाजको महत्त्व चिनाउन सकोस्
जसरी विशाल विश्वलाई सानो गाउँमा बदल्ने
सफल तिम्रो प्रविधिले मानवरूपी
संस्कार सिकाउन सार्थक रहोस् ।
विज्ञान प्रविधिको द्रुत विकास भोग्दैछ मानव
तर त्यही मानव समाज तोडमोड गरी
मानव मन...यन्त्रको अन अफ स्वीचमा सीमित नबनोस्
प्रविधि,
तिमी हरेक वर्ष आऊ, नयाँ वर्षझैँ
कहिले यो त कहिले त्यो विशेषता थपेर आऊ
आफूले आफैँलाई जितेर आऊ ।

**पोखरा वितरण केन्द्र, ने.वि.प्रा.**





# त्यो विद्युत हो

शालिकराम सापकोटा

टुकी र लालटिनमुनिको अँध्यारो हटायो
रातलाई दिन, दिनलाई सुदिन बनायो
जहाँ इलेक्ट्रोनको निरन्तर प्रवाह
अँध्यारो कोठाको बल्बसम्म पुग्छ अनि
शान्त उज्यालोमा बत्तीहरू प्रज्ज्वलित हुन्छन्
तब हराउँछन् कुविचार र डरहरू
जसको रहस्यमयी चमत्कारले छक्क पार्छ
त्यो विद्युत हो...त्यो विद्युत हो ।

प्रकृतिको अनुपम उपहार हो
विज्ञानको उत्कृष्ट खोज हो
डिजिटल युगको जीवनरेखा हो
प्रविधि सञ्चालनको आधार हो
जो सम्पूर्ण विकासको पूर्वाधार हो
त्यो विद्युत हो...त्यो विद्युत हो ।

जसले तातोलाई चिसो बनाउन सक्छ
चिसोलाई तातो तुल्याउन सक्छ
ऊ गृहिणीलाई सघाउन सक्छ
कर्मचारीलाई सघाउन सक्छ
उद्योगी, व्यापारी, वैज्ञानिक ऊ
जसलाई पनि सघाउन सक्छ
जो हरपल हरक्षणको सहयात्री हो
त्यो विद्युत हो...त्यो विद्युत हो ।

केही क्षण पनि उसले विश्राम गर्दा
शहर, शहरजस्तो रहन्न

सूचना रहन्न, सञ्चार रहन्न
प्रविधि रहन्न, विज्ञान रहन्न
जो शक्तिशाली छ तर सधैँ शान्त छ
त्यो विद्युत हो...त्यो विद्युत हो ।

जसले समाजको सुरक्षा गरेको छ
सर्वत्र उज्यालो छरेको छ
बालक, वयस्क, वृद्ध सबैलाई मन परेको छ
सबै देखेर यो कविलाई पनि अचम्म लागेको छ
ऊ शहरदेखि गाउँसम्म सर्वत्र आएको छ
जसले आफूलाई नदेखाएरै प्रमाणित गरेको छ
त्यो विद्युत हो...त्यो विद्युत हो ।

**भरतपुर वितरण केन्द्र, ने.वि.प्रा.**





# विद्युत महिमा

प्रदीप श्रेष्ठ

विद्युत हामीलाई गर्व छ
तिमीले चन्द्रज्योति नाम लिई जन्मिएर
आज ३८ औं वार्षिकोत्सवसम्म आइपुग्दा
अपर तामाकोशी जस्ता ठूलाठूला सन्तति
जन्माइ सकेका छौ
अब आउने वार्षिकोत्सवमा
अझै धेरै तामाकोशीहरू देख्न पाइयोस्
नेपाल जलविद्युतको देश भन्न पाइयोस्
अरू देशलाई तिम्रो शक्ति बेची
सेतो डलर गन्न पाइयोस् ।

हिजो तिमीलाई हाम्रो देशमा जन्माउन सङ्घर्ष गर्नेहरूलाई सलाम
जन्माएर हरेक जिल्ला जिल्लामा पुऱ्याउनेलाई सलाम
मैले त तिम्रो पालन पोषण गरेको भर्खर एक वर्ष भएको छ
३८ औं वर्षसम्म तिम्रो पालन पोषण गर्नेहरूलाई सलाम
पालन पोषण गर्दा ज्यान गुमाउनेहरूलाई सलाम ।

विद्युत
तिमी अरूण नदीझैँ निरन्तर बगिरहनू
हामी कर्मचारी तिमीलाई
हरेक जनताको घरमा बगाइरहन्छौँ
तिमी अझै नाफामुखी भइरहनू
हामी अझै तिमी चुहिएको प्वालहरू टालिरहन्छौँ
ठूलो आँधी हुरी बतास आउँदा, तिमी कहिले पनि नआत्तिनु
सधैँभरि हामी तिम्रो साथमा रहिरहन्छौँ
तिमीलाई ३८ औँ वार्षिकोत्सवको अवसरमा यही नै छ मेरो शुभकामना
पूरा होस् सबैको मनोकामना
फेरि पनि सम्पूर्णमा वार्षिकोत्सवको शुभकामना ।

मौलापुर वितरण केन्द्र, ने.वि.प्रा.

# अर्घौं अर्चले



कृष्णदेव रिमाल 'शब्दसेना'

छाडेर अर्घौं कवि लेखनाथ
श्री राजधानी तक वेगसाथ
कुद्दै पुगेका किन प्रीतिलाई
बिर्सेर जैले पनि ग्रामलाई ।१।

भत्केछ मीठो जलको मुहान
को गर्छ माया कविको समान
बनाउला को श्रम सीपलाई
फर्केर चाँडै निजग्राम आई ।२।

छन् गौँथलीका अझ वंश गम्दै
कता पुगे ती कवि वंश भन्दै
खोच्दैछ प्यारो कवि गौँथलीले
गाएर मीठो लय दौँतरीले ।३।

आऊ न आऊ कवि फेर आऊ
चराहरूको पनि गीत गाऊ
उडेर आई चिरबिर् गरौँला
युगीन जस्तै मन त्यो भरौँला ।४।



# यस्तै गरे कहाँ हुन्छ !

शारदादेवी पोखेल भट्टराई

एकादेश कहानी झैँ, भयो सँगै रमाउने
छोरा छोरी विदेशीइ, बूढा बूढी रूवाउने
उपचार गरौँ भन्दा, मरिन्छ कि डरै भयो
यस्तै गरे कहाँ हुन्छ, हाम्रो जगतको भलो ।

बाढीले मात्र डुब्दैन, महङ्गी झन् भयो बढी
कोही पुग्छन् उचाइमा, निमुखाको बुई चढी
विद्यालय भयो आज, पैसा कुम्ल्याउने थलो
यस्तै गरे कहाँ हुन्छ, हाम्रो जगतको भलो ।

पढे लेखे सबै भन्छन्, पैसाका घर गन्दछन्
सिधा, सादा, नबुझ्नेको, मान्नु के डर भन्दछन्
ढाँट छल भयो प्यारो, यथार्थ बुझ्न खोज्छ को
यस्तै गरे कहाँ हुन्छ, हाम्रो जगतको भलो ।

शहरको छिमेकीमा, थाहा हुन्न हुँदैछ के
गाँउतिर छिमेकीले, पूरा गर्छन् भनिन्छ जे
तर किन बलात्कार, चेली हुन्छे सधैँ जसो
यस्तै गरे कहाँ हुन्छ, हाम्रो जगतको भलो ।

जंगली बाघ देखेर, डर लाग्थ्यो उहिल्यै त
ज्यानमारा भयो मान्छे, भेट्दा पनि डरै अब
कहिले आउने बुद्धि, कमाउन सधैँ खरो
यस्तै गरे कहाँ हुन्छ, हाम्रो जगतको भलो ।

घर हाम्रो हरायो रे, तेरो मेरो सिमाना नि
बोल्दा शत्रु लुछे आई, हाम्रो नक्शा बढे पनि
कस्तो विकास हो यो खै, कित्ता काट हुने थलो
यस्तै गरे कहाँ हुन्छ, हाम्रो जगतको भलो ।

कर्मचारी प्रशासन शाखा, ने.वि.प्रा

# मावनता गान

विष्णु आचार्य 'अतृप्त'



समयको सेतो सफा पर्दामा
कोही देखाइरहेछ नीलो चलचित्र
बेसरम बौलाएको छ कामुकता
र, अर्धमुर्छित भएका छन् प्रेमिल सम्बन्धहरू

सत्य, न्याय र विवेकको हाँगामा
ऐँजेरू पलाएको छ– धोखा, कपट र हिंसाको
आँखाहरू वर्जित छन्– सुन्दर सपना देख्न
नागमणिझैँ दुर्लभ भएका छन्–नैतिकवान् चरित्रधारीहरू

अस्पतालको छतबाट हामफालेर
आत्महत्या गर्दैछ मानवता
गाला मुसार्नुपर्ने आमाको हात
गला दबाउँदैछ अबोध शिशुको
निरीह र दीनहीन हुँदैछ मान्छे
वाङ्देलको उपन्यास 'लङ्गडाको साथी'मा जस्तै

मानवताको यो क्षयीकरणको
पुनर्भरण नहुँदासम्म
जति नै राष्ट्रगान बजाए पनि
छातीमा देशभक्ति नउम्रन सक्छ
शिरमा ढाका टोपी सजाए पनि
स्वपहिचान नजोगिन सक्छ
पाखामा जति नै लालीगुराँस फुलाए पनि
बन्जर लाग्न सक्छ–मनको बगैँचा

अब माथि उठ्नैपर्ने भएको छ
–नागरिकबाट विश्व नागरिकको तहमा
अब चिन्तन गर्नैपर्ने भएको छ
–सरकारभन्दा बढी विश्व सरकारको बारेमा
आखिर
भूगोल, स्थानीयता र स्वपहिचान त
आत्मगौरव शिवाय केही रहेनछन्

जसरी
घामले टेक्दै आएको छ
उज्यालो पाइलाले सार्वभौम आँगन
जसरी
जूनले सुसेल्दै आएको छ
शीतलताको सार्वभौम धुन
जसरी
वायुमण्डलले पढाउँदै आएको छ
मौसमको सार्वभौम व्याकरण
त्यसैगरी अब मानवले लेख्नुपर्ने भएको छ
विश्व मानवतावादको अन्तर्राष्ट्रिय गान

यस्तो मानवताको विकास गर्नुछ
जहाँ मान्छेहरू मान्छेसँग मस्किऊन्
जहाँ एक अर्कालाई देखेर कोही नभस्किऊन्
पूजा नहोस् कतै कुनै मानवको
सर्वत्र पूजा होस् केवल मानवताको ।

**(साहित्य सदन नेपालद्वारा आयोजित राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा पुरस्कृत कविता)**

**आयोजना विकास विभाग ने.वि.प्रा.**



# सर्भे

आविष्कार कला

सर्भेयरले स्टेशन स्टेशनमा
'रक्तदान' गरेपछि
बल्ल बन्छ
रगतजस्तै रातो
रगतजस्तै प्यारो
लालपुर्जा ।

धर्तीकै सन्तान हुन् सर्भेयर
माताको मायाले
पुऱ्याउँछ उसलाई
नदीको किनारामा,
गिरिका चुलीमा,
मरूभूमिको बालुवामा,
अनकन्टार जङ्गलमा,
अनि धर्तीमाता चुमेर
धर्तीमै समर्पण गर्छन्
काठ, फलामको किला
सिमेन्टको पिल्लर,
को-आर्डिनेटको को साथमा
खुशीले बनाउँछन् डि-कार्ड ।

विशाल भवनको जग
ठूलो राजमार्गको चेन एज
रकेट पुग्ने अन्तिम विन्दु
सब निर्माणका चरणहरू
त्रिखुट्टीको मध्यभागबाट
नियन्त्रण गरिरहन्छ सर्भे
निर्देशन गरिरहन्छ सर्भे ।
एउटै पेपरमा देखाउँछ
गोलो पृथ्वी
अग्लो हिमाल
पर्वतका टाकुरा
मधेसका फाँट
तर कहिल्यै थाक्दैन
सर्भेयरको काँध ।

जनताका सीमाहरूमा
राज्यका खम्बाहरूमा
भूमि न्यायाधीश हो सर्भे,
कित्ताको लम्बाइ
देशको क्षेत्रफल
पृथ्वीको परिधि
सगरमाथाको उचाइ
सबै सबै अङ्कहरूमा लुकेको छ
सर्भेयरको श्रम ।

टोपो नक्साको कन्टुरले भन्छ -
'हर कदम मृत्युलाई जितेर
पानीलाई -
कुलोमा डोऱ्याउने
नहरमा कुदाउने
नीति र नेतृत्व सर्भेयर कै हो'

सर्भेकै जगबाट शुरू हुन्छ
फुल्न धरतीमा जीवन
चम्कन अन्धकारमा ज्योति ।

नेपोलियनको साम्राज्य
बृटिशको उपनिवेश
पृथ्वीनारायणको एकीकरण
सबै सबैका सीमा
निर्धारण गर्छ सर्भेयर ।

वर्षौंदेखि स्वीजरल्याण्डले भनेको छ–
'राष्ट्रिय गान, नभए पनि देश चल्छ'
तर कदापि चल्दैन
सर्भेविना देश
प्रिय नेपाल !
मेरै उत्पादनले बनाएको हो
बुद्धको देशको नक्सा
म हुँ 'कर्न पिजी–२ ।'

हरेक ठाउँमा चाहिन्छ सर्भे
समुन्द्रदेखि शिखरसम्म
जेनिथदेखि नादिरसम्म
मानवको पाउदेखि रकेटको दाउसम्म
उत्तरी गोलार्धमा
दक्षिणी गोलार्धमा
पुँजीवादमा, सामाजवादमा
जनताको गीतमा
जनताको जितमा ।

अन्त्यमा म भन्छु–
'पृथ्वीका हरेक जनहरू सर्भेयर हुन्
मस्तिष्कको लाइन अफ साइटले
सर्भे गरेपछि
बल्ल हुन्छ सबै कामको श्रीगणेश ।'

**प्रसारण निर्देशनालय, ने.वि.प्रा.**



# बिरानो शहर



**रीता चालिसे खनाल**

बिरानो शहरमा
केही खोजिरहेछु
एक अपरिचित भै
खुला सडकमा ।

खुट्टा लरबरिरहेको छ
बोली अक्मकिरहेको छ
गन्तव्यमा पुग्न आतुर छु
ठिङ्ग उभिएर हेर्छु त्यस सालिकलाई
ऊ मौन छ
उसका रगत कालोपत्रेले
छोपिदिंदा उ निरास छ
ऊ एक टकले हेरिरहेको छ
सायद ऊ भन्दो हो
बत्तीको किरो
हो उज्यालो पछ्याउँदै छु
म कुनै तीता कुनै मीठा
अनुभव बोकी हिँडिरहेको छु
कति सक्षम थिए होला
कति असक्षम
कतिलाई दुखाइ होला चित्त
कति दुखे होलान् आफ्नै
कति हाँसे कति रोइ
सारा अनुभव बटुल्दै हिँडिरहेछु
बिरानो शहरमा
कति मित्र गुमाई
कति कमाई शत्रु
कति पाई माया
कति तिरस्कार
सबै कथा व्यथा
सुनाइ रहेछु त्यस सालिकलाई
ऊ मौन छ
म पुरानो शहरको
यादहरू बोक्दै
गन्तव्य पहिल्याउँदै छु
एक बिरानो शहरमा ।



# सुनौलो अठोट

मिमन पुलामी

पोल्दा छाती जिन्दगीको यात्रामा
शीतल छहारी भेट्न सकिनँ
माया, प्रेम विहीन बित्यो जीवन
साथ कस्तो हुन्छ मैले थाहा पाइनँ ।

कुनै पापीले आत्मा चुँडेर लाँदैमा
हरियाली मरूभूमि हुने होइन
कोही बाटो फेरी फेरी हिँड्दैमा
बाटोको रेखा मेटिने पनि होइन ।

गन्तव्य कतै भेटिनँ यो जीवनमा
बित्ने भयो आधारहीन जीवन
तहस नहस भएर पनि जीवनमा
कल्पी कल्पी कहिल्यै म रोएको छैन ।

धरापमा राखेर आफ्नो जीवन
दिलमा कसैको तस्बिर राख्ने छैन
आफैँलाई माया गरेर एक्लै रम्नेछु
कसैको जाली कुरामा फस्ने छैन ।

थाकेको हुँ तर म हार मान्दिनँ
पिउँछु आँसु तर म रोएकी छैन
शरीर लासजस्तै भएको मात्र हो
तर हेर म चितामा जल्ने छैन ।

केन्द्रीय कार्यालय ने.वि.प्रा., काठमाडौं ।



# दृश्यहरू

अनिल पौडेल

तातो हिमालको चीसो छातीबाट
उघारेर पशुपतिको ढोकाजस्तो...घरक्क
शिथिल शिवलिङ्गबाट बगेको आकृतिले
आकार लिनै लाग्दा
गहिरी खेतमा एक हल नारिएको दृष्य आउँछ
मथिएको समुद्रको स्वप्नील गहिराइ
पङ्ख फिँजाउन आतुर छ ।

प्राण छ, पङ्ख छन्
उडान भर्नेहरू चङ्ख छन्
शब्द छन् तर निशब्द छन्
अव्यक्त छन् तर व्यक्त छन्
चलमल छन् तर अलमल छन्
दृष्य मधुरो छायाँ, छायाँ देखिन्छ
दृष्यको गहिराइ या दृष्टिको
या हो लीला सृष्टिको ।

आँखीझ्याल छ एउटा
'अदृष्य' दृष्य चिहाउन
केही जीवन भेलमा हेलिएका
केही जीवन खेलझैँ खेलिएका ।

तातो बालुवामा पालुवा पलाउने आशामा
कोरियामा खोरिया फाँडेर फसल फलाउने आशामा
अनि गुन्द्री, राडीझैँ खाडीमा बिस्कुन छरिएका जीवनहरू
जब खुइय्य गर्छन्
स्वदेशमा सररर बतास चल्छ

उसलाई वैशाखी ठानेका केही प्राण
आह...!

जोड्नु पर्ने छ यी काँचका मनहरू
तर अल्झिरहेछन् हाँगामा...काँडा भएको
देखिन्न जीवनको रङ गाढा भएको
सूर्यमुखीझैँ शिर घुमाउँदा घुमाउँदै
श्वास र आश बीचको दूरी टाढा भएको

सुनाउँदैछ घडीले
टिक......टिक
जिन्दगीलाई खियाउन
एउटा आँखीझ्याल छ
'अदृष्य' दृष्य चिहाउन ।



# 'अमरज्योति साहित्यिक त्रैमासिक'को ६२ औँ अङ्क लोकार्पण कार्यक्रम सम्पन्न

नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले 'अमरज्योति साहित्यिक त्रैमासिक'को ६२ औं अङ्क (समालोचना विशेषाङ्क) २०८१ लोकार्पण गर्नुका साथै साहित्य समाजका पदाधिकारीहरूलाई स्रष्टा/ समालोचकहरूसँग साक्षात्कार गराउने कार्यक्रमको आयोजना गरेको छ ।

मिति २०८१ श्रावण ११ गते शुक्रबारका दिन बागबजारस्थित युनिटी क्याफेमा सो कार्यक्रम सम्पन्न भएको हो ।

सो समारोहमा विशेष वक्ताका रूपमा आमन्त्रित समालोचक डा.नेत्र एटमले 'समकालीन नेपाली समालोचनाको मूलभूत प्रवृत्ति र भावी मार्गचित्र' का विषयमा आफ्नो धारणा राखेका थिए ।

मन्तव्यका क्रममा उनले वर्तमान नेपाली समालोचना कृतिको सप्रसङ्ग व्याख्यामा सीमित हुँदै गएको जस्तो देखिएकाले सांस्कृतिक इतिहासका सापेक्षतामा कृतिको मूल्याङ्कन गर्नेतर्फ समालोचकहरू केन्द्रित हुनुपर्ने र समालोचनाले पाठकको दृष्टिकोण फराकिलो पार्न सक्नु पर्ने धारणा राखेका थिए ।

उक्त कार्यक्रममा मन्तव्य राख्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' ले 'भौतिक र भावात्मक बिजुलीको एकसाथ प्रवर्द्धन: हाम्रो अभियान' भन्ने मूल नारालाई साकार रूप दिन विद्युतकर्मी साहित्यिक समाज निरन्तर प्रतिबद्ध रहेको विचार व्यक्त गरेका थिए ।

उनले नित्य निरन्तर नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा सिद्धहस्त समालोचकहरूको समालोचनात्मक आलेखहरूलाई सङ्गृहीत गरी समालोचना विशेषाङ्क प्रकाशन गरिएको र स्रष्टा र समालोचकहरूलाई एकै ठाउँमा भेला गराई सामूहिक रूपमा पत्रिका विमोचन गर्ने सोचले कार्यक्रमको नयाँ ढाँचा तयार गरिएको विचार राख्दै उपस्थित अतिथिहरूलाई न्यानो स्वागत गरेका थिए ।

सो समारोहमा समालोचना विशेषाङ्कका लागि समालोचनात्मक लेख उपलब्ध



गराउनु हुने समालोचकहरूमध्ये उपप्राध्यापक अनुपमा रेग्मी, उप प्राध्यापक आर.एम. डङ्गोल, डा.कौशिला रिसाल, ठाकुर बेलवासे, ठाकुर शर्मा भण्डारी, तेजविलास, प्रा.डा. भागवत ढकाल, डा.मधुसूदन गिरी, मुकुन्दप्रसाद प्रसाईं, वाशुदेव गुरागाईँ र उपप्राध्यापक हेमबहादुर भण्डारीको उपस्थिति रहेको थियो ।

त्यस्तै सो विशेषाङ्कमा समावेश भएका समालोच्य कृतिका सर्जकहरूमध्ये विष्णुबहादुर सिंह, रामेश्वर राउत 'मातृदास' मातृका पोखरेल, गङ्गाप्रसाद भेटुवाल, दामोदर पुडासैनी किशोर आदिका साथै साहित्यकार विन्दु शर्माको उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

सो कार्यक्रममा आयोजक संस्था विद्युतकर्मी साहित्यिक समाज सातौँ कार्यसमितिका पदाधिकारीहरू- कृष्णदेव रिमाल 'शब्दसेना', शारदादेवी भट्टराई पोखरेल, विष्णु आचार्य 'अतृप्त', मुकुन्दप्रसाद प्रसाईं, आविष्कार कला, बलराम पुडासैनी, रीता चालिसे खनाल, अनिल पौडेल र रामराजा ओभाको उपस्थिति रहेको थियो ।

यस अघि 'तीन तियाँ', 'गजल मुशायरा', 'पुस्तकसँग पाठक', 'बहुभाषिक काव्यगोष्ठी' 'लेखन प्रशिक्षण कार्यशाला', 'पर्यटन साहित्य', 'त्वदियं वस्तु गोविन्द तुभ्ययमेव समर्पणम्' लगायत विविध स्वाद र शैलीका साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएकोमा विद्युतकर्मी साहित्यिक समाजका पदाधिकारीहरूलाई वरिष्ठ स्रष्टा/समालोचकहरूसँग साक्षात्कार गराउने उद्देश्यले यसपटक केही पृथक कार्यक्रमको आयोजना गरिएको संस्थाका सचिव एवम् कार्यक्रम सञ्चालक विष्णु आचार्य 'अतृप्त' ले सो अवसरमा बताएका थिए ।

# ३८ औँ वार्षिकोत्सवमा अतिरिक्त क्रियाकलापः एक झलक

नेपाल विद्युत प्राधिकरणको ३८औँ वार्षिकोत्सवको पूर्वसन्ध्यामा २०८० साल श्रावण महिनामा विविध अतिरिक्त क्रियालाकलापका कार्यक्रमहरू सञ्चालनगरिएको थियो । अतिरिक्त क्रियाकलाप उपसमितिका संयोजक दीर्घायुकुमार श्रेष्ठको संयोजकत्वमा उक्त कार्यक्रमहरू सम्पन्न भएका थिए । कर्मचारीहरूको मानसिक, शारीरिक र बौद्धिक विकास गर्ने हेतुले ब्याडमिन्टन, म्युजिकल चियर,क्यारेम बोर्ड, हाजिरी जवाफ, चेस, भलिबल, रक्तदान, फुटसल, टेबलटेनिस, म्याराथुन, कविता प्रतियोगिता, विद्युतीय सवारी साधनको ऱ्यालीलगायतका अतिरिक्त क्रियाकलापहरू सो अवसरमा सञ्चालन गरिएका थिए ।

३८ औँ वार्षिकोत्सवकोदेखि डेब्यु कार्यक्रमका रूपमा वृक्षरोपण कार्यक्रमले प्रवेश पाएको थियो । ऐतिहासिक फर्पिङ पावरहाउसमा विभिन्न प्रजातिका करिब ३५० बिरूवा रोपेर हरियाली प्रवर्द्धन गरी वातावरणीय स्वच्छ्ता कायम गर्ने अभियानमा नेपाल विद्युत प्राधिकरणले पहिलो औपचारिक पाइला चालेको थियो । साथै प्रत्येक वर्षको श्रावण १५ गतेलाई वृक्षरोपण दिवसका रूपमा मनाउने उद्घोष समेत उक्त वृक्षरोपण समारोहमा भएको थियो ।

३८ औँ वार्सिकोत्सवमा झण्डै ४ वर्ष अघिदेखि नियमित सन्चालन हुँदै आएको (कोभिड कालमा बाहेक) कार्यपत्र प्रस्तुतीकरण र वक्तृत्व कला प्रतियोगिताको कार्यक्रम भने हटाइएको थियो ।

यी विविध कार्यक्रमहरूमध्ये विद्युतकर्मी साहित्यिक समाजका पदाधिकारीहरू संयोजक भई संचालन गरिएको एक मात्र कार्यक्रम कविता प्रतियोगिता थियो। सो कार्यक्रमको छोटो परिचय तल प्रस्तुत गरिएको छः

**(क) कविता प्रतियोगिताः**

कविता प्रतियोगितामा देशभर रहेका प्राधिकरणका कार्यालयहरूबाट जम्मा ३४

जना प्रतियोगी कविहरूले सहभागिता जनाएका थिए। कविताको शीर्षक चयन गर्ने स्वतन्त्रता सम्बन्धित कविहरूलाई नै प्रदान गरिएको थियो । निर्णायकत्रय जयदेव भट्टराई, नेत्रबहादुर कुँवर र सविता बरालको निर्णायक मण्डलले देहाय बमोजिम ४ कविका कविताहरूलाई उत्कृष्ट घोषणा गरेको थियोः

प्रथम–सुभास अधिकारीको 'रहरको शहर'

द्वितीय– समीक्षा अधिकारीको 'द्रौपदी'

तृतीय– टीकाराम शर्माको 'याद'

चतुर्थ– मुकुन्दप्रसाद प्रसाईंको 'म भुइँ मान्छे'

गीतकार एवम् कवि विश्वनाथ प्रेमको प्रमुख आतिथ्यमा सो कार्यक्रम सम्पन्न भएको थियो । कविता प्रतियोगिता उपसमितिका संयोजक विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' हुनुहुन्थ्यो ।



## नेपाल विद्युत प्राधिकरण
## ३९ औं वार्षिकोत्सव प्रबन्ध मूल–समिति २०८१
## अतिरिक्त क्रियाकलाप उप–समिति

# सञ्चालन हुने खेल तथा विभिन्न कार्यक्रमहरूको तालिका

नेपाल विद्युत प्राधिकरणको ३९ औं वार्षिकोत्सव समारोह विभिन्न कार्यक्रम सहित मनाउने सिलसिलामा गठित ३९ औं वार्षिकोत्सव समारोह प्रबन्ध मूल–समति २०८१ अन्तर्गतको अतिरिक्त क्रियाकलाप उप–समितिबाट सञ्चालन हुने विभिन्न खेलकूद तथा कार्यक्रमहरू देहायका मितिमा सञ्चालन हुने भएकाले इच्छुक कर्मचारीहरूले दुई खेलभन्दा बढी खेलमा सहभागी हुन नपाउने गरी सम्बन्धित खेलकूद संयोजकहरूसँग सम्पर्क राख्न हुन सम्बन्धित सबैका लागि जानकारी गराइएको छ ।

१. बृक्षरोपण कार्यक्रम संयोजक केशवराज वली ९८५११६१७२७ बृक्षरोपण हुने मिति २०८१/०४/१५

२. क्यारेमबोर्ड प्रतियोगिता कार्यक्रम संयोजक होमनाथ दाहाल ९८४९२२५६३८

**सञ्चालन गरिने खेलहरू :**
(मेन्स सिङ्गल्स, मेन्स डबल्स, लेडिज सिङ्गल्स र लेडिज डबल्स प्रतियोगिताका लागि ने.वि.प्रा.मा कार्यरत इच्छुक कर्मचारीहरू सहभागी हुन सक्ने ।)

क. अन्तिम नामावली दर्ता : २०८१/०४/१७
ख. खेल तालिका प्रकाशन : २०८१/०४/१९
ग. खेल सञ्चालन हुने मिति : २०८१/०४/२० देखि २२ सम्म

**३ चेस प्रतियोगिता कार्यक्रम** संयोजक बल बहादुर ताम्ली (९८४९७ ४३०८५)
(महिला तथा पुरूष चेस प्रतियोगी ने.वि.प्रा.मा कार्यरत इच्छुक कर्मचारीहरू सहभागी हुन सक्ने ।)

क. अन्तिम नामावली दर्ता : २०८१/०४/१८
ख. खेल तालिका प्रकाशन : २०८१/०४/२०

ग. खेल सञ्चालन हुने मिति : २०८१/०४/२२ देखि २४ सम्म

४. हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम संयोजक मनोरञ्जन मल्ल ठकुरी (९८०८१ ६७५९१)

(सम्बन्धित निर्देशनालयबाट भाग लिन पाउने र एउटा टीममा कम्तीमा एक जना महिला कर्मचारी सहित तीन जना हुनुपर्ने ।)

क. अन्तिम नामावली दर्ता : २०८१/०४/२४
ख. सहभागीको नाम प्रकाशन : २०८१/०४/२५
ग. हाजिरी जवाफ हुने मिति : २०८१/०४/२७ देखि २९ सम्म

**५ टेबुलटेनिस प्रतियोगिता** कार्यक्रम संयोजक ज्ञानीबाबु महर्जन (९८४१३२३९७१)

**सञ्चालन गरिने खेलहरू :**

(मेन्स सिङ्गल्स, मेन्स डबल्स, लेडिज सिङ्गल्स, लेडिज डबल्स प्रतियोगिताका लागि ने.वि.प्रा.मा कार्यरत इच्छुक कर्मचारीहरू सहभागी हुन सक्ने ।)

क. अन्तिम नामावली दर्ता : २०८१/०४/१८ देखि २०
ख. खेल तालिका प्रकाशन : २०८१/०४/२१
ग. खेल सञ्चालन हुने मिति : २०८१/०४/२२ देखि २५ सम्म

**६. कविता वाचन प्रतियोगिता कार्यक्रम** संयोजक शारदादेवी पोखरेल भट्टराई ९८४४४७८८३२

**(ने.वि.प्रा.मा कार्यरत इच्छुक कर्मचारीहरू सहभागी हुन सक्ने)**

क. अन्तिम नामावली दर्ता : २०८१/०४/२१
ख. तालिका प्रकाशन : २०८१/०४/२२
ग. कविता बाचन हुने मिति : २०८१/०४/२५

**७. ब्याडमिण्टन प्रतियोगिता** कार्यक्रम संयोजक रत्न श्रेष्ठ (९८४६१ १६९०३) (९८४१२ ५२८७२)

**सञ्चालन गरिने खेलहरू :**

मेन्स सिङ्गल्स, मेन्स डबल्स, लेडिज सिङ्गल्स, लेडिस डबल्स, भेट्रान्स डबल्स, एक्जुकेटिभ्स डबल्स (तह ८ देखि माथिमात्र)

क. अन्तिम नामावली दर्ता : २०८१/०४/२४
ख. खेल तालिका प्रकाशन : २०८१/०४/२५
ग. खेल सञ्चालन हुने मिति : २०८१/०४/२८ देखि ३० सम्म

**नोट :**

क. मेन्स सिङ्गल्स र मेन्स डबल्स तथा लेडिज सिङ्गल्स र लेडिज डबल्स प्रतियोगिता प्रादेशिक कार्यालय/डिभिजन कार्यालयमा मिति २०८१ श्रावण २० गतेसम्म गरिसक्नु पर्ने र उक्त प्रतियोगितामा प्रथम र द्बितिय स्थान प्राप्त खेलाडीहरूले केन्द्रीय कार्यालयमा हुने ब्याडमिण्टन प्रतियोगितामा

सहभागी हुन २०८१/०४/२१ गतेसम्ममा नेपाल विद्युत प्राधिकरण ३९औं वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उप-समितिका सदस्य श्री चतुर्भुज गौतम (cg2058nea@gmail.com) वा यस खेलका संयोजक रत्न श्रेष्ठ समक्ष नामावली पठाई सक्नुपर्ने छ तर ३८ औं वार्षिकोत्सवमा सेमी फाइनल पुगेका खेलाडीहरूले ३९ औं वार्षिकोत्सवअन्तर्गत केन्द्रीय कार्यालयमा हुने प्रतियोगितामा स्वतः सहभागी हुन पाउने ।

ख. भेट्रान र एक्जुकेटिभ्स खेलका लागि ३९ औं वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उप-समितिका सदस्य श्री चतुर्भुज गौतम वा यस खेलका संयोजक समक्ष उपरोक्त मितिसम्ममा नाम दर्ता गर्नु पनर्छे । भेट्रान्स डबल्सको लागि ४५ वर्ष उमेर पुगेको हुनुपर्ने ।

ग. एक जना खेलाडीले बढीमा २ वटा इभेण्टमा मात्र सहभागी हुन पाउने ।

घ. बाग्मती प्रादेशिक कार्यालयको हकमा ब्याडमिण्टनको छनोट प्रतियोगिता यसै अतिरिक्त क्रियाकलाप उप-समितिबाट सञ्चालन हुनेछ ।

ङ. **बाग्मती प्रदेशको छनोट प्रतियोगिता :**

क. अन्तिम नामावली दर्ता : २०८१/०४/१५
ख. खेल तालिका प्रकाशन : २०८१/०४/१६
ग. खेल सञ्चालन हुने मिति : २०८१/०४/१७ देखि १९ सम्म
स्थान : ने.वि.प्रा. केन्द्रीय कार्यालयको ब्याडमिण्टन कोर्ट

**८. भलिबल प्रतियोगिता** कार्यक्रम संयोजक विष्णु मास्के (९८५१० ६२१९७)

**सञ्चालन गरिने खेलहरू :**

(पुरूष भलिबल प्रतियोगिताका लागि सम्बन्धित निर्देशनालयबाट सहभागी हुन पाउने र एउटा टीममा ८ (आठ) जनामात्र सहभागी हुन पाउने ।)

क. अन्तिम नामावली दर्ता : २०८१/०४/२४
ख. खेल तालिका प्रकाशन : २०८१/०४/२५
ग. खेल सञ्चालन हुने मिति : २०८१/०४/२७ देखि ३०

भलिबल फाइनल : २०८१/०४/३० गते

नोट :

क. भलिबल प्रतियोगिताको लागि वितरण तथा ग्राहक सेवा निर्देशनालयबाट बढीमा ३ (तीन) टिम र अन्य निर्देशनालयबाट १/१ टीम सहभागी हुन पाउने छ । प्रतियोगीहरूको नामावली सम्बन्धित निर्देशनालयको प्रशासन महाशाखाबाट सिफारिस हुनुपर्ने ।

**९. रक्तदान कार्यक्रम** कार्यक्रम संयोजक कृष्ण कुमार थापा (९८४१३ ८९७३४)

(इच्छुक सबैजना सहभागी हुन सक्ने)

कार्यक्रम सञ्चालन हुने मिति : २०८१/०४/२५

**नोट :**

क. रक्तदान कार्यक्रम नेपाल विद्युत प्राधिकरणको केन्द्रीय कार्यालयको परिसर भित्र र ग्रीड सञ्चालन विभाग मीनभवनमा गरी २ स्थानमा गरिने छ । इच्छुक कर्मचारीहरूले आफूलाई पायक पर्ने स्थानमा गई रक्तदान कार्यक्रममा सहभागी हुन सक्ने ।

१०. **फूटसल प्रतियोगिता** कार्यक्रम संयोजक इष्टमित्र मास्के (९८५१० ६६८१७)

सञ्चालन गरिने खेलहरू :

(पुरूष फूटसल प्रतियोगिताको लागि सम्बन्धित निर्देशनालयबाट सहभागी हुन पाउने र एउटा टीममा ७ (सात) जनामात्र सहभागी हुन पाउने।)

क. अन्तिम नामावली दर्ता : २०८१/०४/२६
ख. खेल तालिका प्रकाशन : २०८१/०४/२७
ग. खेल सञ्चालन हुने मिति : २०८१/०४/२८ देखि ३० सम्म

**नोट :**

क. फूटसल प्रतियोगिताको लागि वितरण तथा ग्राहक सेवा निर्देशनालयबाट बढीमा ३ (तीन) टिम र अन्य निर्देशनालयबाट १/१ टीम सहभागी हुन पाउने छ । प्रतियोगीहरूको नामावली सम्बन्धित निर्देशनालयको प्रशासन महाशाखाबाट सिफारिस हुनुपर्ने ।

**११. म्यूजिकल चेयर** कार्यक्रम संयोजक शान्ता रेग्मी (९८४१३ ४७४८५)

**सञ्चालन गरिने खेलहरू :**

(ने.वि.प्रा.मा कार्यरत इच्छुक महिला कर्मचारीहरू सहभागी हुन सक्ने ।)

खेल सञ्चालन हुने मिति : २०८१/०४/३०

१२ पुरस्कार वितरण कार्यक्रम संयोजक चतुर्भुज गौतम (९८५८४ २२६८८)

पुरस्कार वितरण हुने मिति : २०८१/०४/३१

स्थान : : नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयको परिसरभित्र

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरु - शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई,
माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरू:**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षक:**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरू:**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय–
२. रमा पोखरेल–
३. रम्भा शर्मा अधिकारी – ९८४१६८१४७५
४. शान्ता सुवेदी – ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा – ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला– ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा – ९८५१०१८८४४
८. देवराज प्रसाईं – ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती – ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे – ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी – ९८०१००२००२
१२. रामप्रसाद अधिकारी–
१३. अच्युत नेपाल – ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान – ९८५११०६१०७
१५. कौशल भट्टराई – ९८४१४४७११०
१६. दण्डपाणि बस्याल – ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल– ९८४१३४९८५४
१८. गौरीमान कडरिया–
१९. बद्रीनाथ रोक्का–
२०. बेलप्रसाद शर्मा – ९८४१४११६४४
२१. मातृका बजिमय – ९८४३६६९०५१
२२. सरिता शर्मा–
२३. काशिराम शर्मा – ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल–
२५. विष्णुप्रसाद आचार्य – ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली –
२७. केशवराज पन्त –
२८. चिरञ्जीवी शर्मा–
२९. टङ्क श्रेष्ठ– ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई–
३१. रमापति पराजुली – ९८४२०२७७५६
३२. विन्दु शर्मा – ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य – ९८५१०५४३६०
३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान – ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल – ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक – ९८४१२७८६५८
४०. सरोज अर्याल – ९८४६०८८२३१
४१. यादवराज घले – ९८४१३६१६९६
४२. उषा सिंह – ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल – ९८४१८३५६८५
४६. राजु शर्मा – ९८४१४२६४६२
४७. रीता खनाल – ९८४१६०२१७२

४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-

१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७६१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२

१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी -९८४६०१०४५५
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९

२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओझा, ९८४८४३९१८१
३४२. रामराजा ओझा, ९८४१९१५७०५
३४३. सुरज रेग्मी, ९८५११३५०७७
३४४. रवीन्द्र शाह, ९८४५२९७०२८
३४५. सुजित घिमिरे, ९८५६०४८५२०
३४६. टीकाराम पौडेल, ९८५१३१५९२१
३४७. खिलराज राई, ९८४२८४७१८६
३४८. सूर्यराज ढुङ्गाना, ९८४१५४९५९८

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ |
| २. मोहनबहादुर कायस्थ | २०६८ |
| ३. पुष्पनाथ शर्मा | २०६९ |
| ४. विष्णुबहादुर सिंह | २०७० |
| ५. कृष्णमोहन जोशी | २०७१ |
| ६. केशव रूपाखेती | २०७२ |
| ७. वीरेन्द्र पाठक | २०७३ |
| ८. पुण्य घिमिरे | २०७४ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. भुवनचन्द ठकुरी | २०७५ |
| ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. पुष्कर पुरी | २०७५ |
| १३. जुजुकाजी रञ्जित | २०७६ |
| १४. देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. कमला श्रेष्ठ | २०७७ |
| १६. आर.आर. चौलागाईं | २०७८ |
| १७. मातृका पोखरेल | २०७९ |
| १८. रमेशप्रसाद न्यौपाने | २०७९ |
| १९. मञ्जुलाल श्रेष्ठ | २०८० |
| २०. गङ्गा अधिकारी | २०८० |
| २१. राजु शर्मा | २०८१ |
| २२. शान्ता भट्टराई सुवेदी | २०८१ |
| २३. उपेन्द्र शिवाकोटी (कला सम्मान) | २०८१ |
| २४. रूद्र ब.पालुङ्वा (सङ्गीत सम्मान) | २०८१ |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौँ २०८०
२. साहित्य सन्ध्या, काठमाडौँ, २०८०
३. साहित्य सङ्गम, मकवानपुर, २०८०
४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०८०
५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०
६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०

## 'अमरज्योति साहित्यिक त्रैमासिक'का लागि लेख रचना उपलब्ध गराउने बारेको सूचना

विद्युतकर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको **अमरज्योति** साहित्यिक त्रैमासिकका लागि निम्नानुसारका लेख रचनाहरू उपलब्ध गराइ दिनुहुन समस्त सर्जक महानुभावहरूलाई अनुरोध गरिन्छः

१ साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू

२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक-साहित्यिक लेख रचनाहरू

३. साहित्यका विभिन्न सिद्धान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू ।

४. नेपाली र विश्व साहित्यमा देखापरेका नयाँ मान्यताहरू

५. अनुवाद साहित्य

६. कला, संस्कृति, दर्शन एवम् भाषावैज्ञानिक आलेखहरू

उपर्युक्त अनुसारको लेख रचना प्रीति फन्ट (१४) मा तयार गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइ दिनुहुन समस्त सर्जक-समीक्षक महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनु हुन समेत अनुरोध गरिन्छ ।

**लेख रचना पठाउने विद्युतीय ठेगानाः**

amarjyoti@nea.org.np

विनीत :

**विद्युतकर्मी साहित्यिक समाज परिवार**

**नेपाल विद्युत प्राधिकरण**

नोटः प्रकाशित लेख-रचनाहरूका लागि उचित पारिश्रमिक प्रदान गरिनेछ । साथै ४४ औं अङ्कदेखि यताका अङ्कहरूको pdf.Digital version www.nea.org.np मा गई अध्ययन गर्न सक्नुहुनेछ ।

# ३९औं वर्ष सफलतापूर्वक पूरा गरेको सुअवसरमा सम्पूर्ण उपभोक्ता महानुभाव, शुभचिन्तक तथा सहयोगी संघ संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

उज्यालो नेपालको संवाहक

नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY

GO GREEN SAVE EARTH

